# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१९१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३३६ | काठमाडौं | आइतबार, २२ चैत २०८२ | Prabhab National Daily | Sunday, 05 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


काठमाडौंमा प्रहरीको 'सर्च अपरेसन'

## गुण्डागर्दीदेखि बिचौलियामा संलग्न १९५ जना एकैरात पक्राउ

■ प्रभाव संवाददाता



**काठमाडौं–** बालेन्द्र शाह प्रधानमन्त्री र सुधन गुरुङ गृहमन्त्री भएको छोटो समयमै पूर्वप्रधानमन्त्री, गृहमन्त्रीदेखि उद्योगी, बिचौलिया, गुण्डागर्दीसम्मका व्यक्तिहरू ठूलो संख्यामा पक्राउ परेका छन् । सरकारको यो कदमप्रति मानिसहरूले तीव्र प्रतिक्रिया जनाइरहेका छन् । एकथरीले दुर्लभ मानिएको पूर्वप्रधानमन्त्री-गृहमन्त्रीको पक्राउदेखि अन्य पूर्वमन्त्री, सांसददेखि शक्तिशाली बिचौलिया र उच्च व्यावसायिक घरानाका व्यक्तिहरूको पक्राउले सरकार शून्य सहनशीलताप्रति प्रतिबद्ध भएको टिप्पणी गरिरहेका छन् । केहीलेचाहिँ 'राज्य आतंक' भनेर कडा शब्दमा प्रतिक्रिया जनाएका छन् ।

पक्राउ शृंखला सुरुआत भएको भने १४ चैत बिहानदेखि हो । गत २३ भदौमा जेन-जी विद्रोहमा दमन गरेको आरोपमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र उनका सरकारका गृहमन्त्री रमेश लेखक पक्राउ परे । यी दुई नेताको पक्राउपछि लगातार नेतादेखि बिचौलियासम्म पक्राउ परिरहेका छन् ।

काठमाडौं उपत्यकामा प्रहरीले व्यापक 'सर्च अपरेसन' चलाएर एकै रात काठमाडौंबाट १९५ जना पक्राउ गरेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, ठमेल, बूढानीलकण्ठलगायत क्षेत्रमा सञ्चालन गरिएको अपरेसनमा गुण्डागर्दी, ठगी, बिचौलिया र यात्रु ठग्ने गिरोहलाई नियन्त्रणमा लिएको हो । काठमाडौंका एसएसपी रमेशकुमार थापाका अनुसार विमानस्थलबाट मात्रै १८ जना पक्राउ परेका छन्, जसमा ट्याक्सी चालक र होटलका एजेन्टहरू रहेका छन् ।

पक्राउ पर्नेमा सूर्य माझी, एकेश तामाङ, प्रेमकुमार मगर, राजकुमार राई, मंगलमान घलान, खगेन्द्र लिम्बू, आशिष खतिवडा, विश्व मोक्तान, वीरेन्द्र झा, लडा मियाँ, पर्शुराम राई, सन्तु तामाङ, रघुवीर शाह, राजीवकुमार रावत, सरोजकुमार महतो, अजय लामा, केशव लिम्बू, रामप्रसाद जोशी र विमलराज जोशी रहेका छन् । उनीहरूमाथि यात्रु तानातान, ठगी र अवैध गतिविधिमा संलग्न भएको आरोप छ । उनीहरू पक्राउ गरेको शुक्रबार राति हो ।

- बालेन्द्र सरकार गठनयता पूर्वप्रधानमन्त्रीदेखि पूर्वसांसदसम्म पक्राउ
- चर्चित बिचौलियादेखि कर छलेको आरोप लागेका उद्योगी पनि जोगिएनन्
- यात्रुलाई दुःख दिनेहरूदेखि गुण्डागर्दी गर्नेहरू पनि नियन्त्रणमा

क्रमशः पृष्ठ २ मा

# बालेन्द्र सरकारमा 'उत्साहित' राजतन्त्रपक्षधर

विगतका दुःखहरूले हामीलाई कमजोर होइन, दृढ बनाएको छ । त्यसैले आज हामी एकजुट भएर देश बनाउने महाअभियानमा अघि बढिरहेका छौं ।

■ **ज्ञानेन्द्र शाही**
प्रतिनिधिसभा सदस्य, राप्रपा

मैले चार वर्षदेखि जे भन्दै आएको थिएँ, आज गणतन्त्रका यी भ्रष्टाचारीहरु र तस्करहरूलाई पक्राउ गरिएको छ । अब राष्ट्र र जनता जोगाउन राजतन्त्रतिर देशलाई लानुपर्छ ।

■ **दुर्गा प्रसाईं**
राजतन्त्र पक्षधर व्यवसायी

डकुमेन्टको आधारमा भन्दा रास्वपाले अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार्छ तर त्यहाँ भएका कतिपय नेता र तिनको राजनीतिक व्यवहारले पुरानै व्यवस्थाको पक्षपाति हो क्या हो ? भन्ने लाग्छ ।

■ **तारानाथ घिमिरे**
प्राध्यापक

■ जेबी योञ्जन



**शनिबार राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँगको भेटपछि राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्र शाहीले सामाजिक सञ्जालमा सार्वजनिक गरेको तस्बिर ।**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री भएको पहिलो सातामै राजतन्त्र पक्षधरहरू अस्वाभाविकरूपमा उत्साहित देखिएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा यी शक्तिहरूलाई व्यवस्थाविरोधी शक्ति भनिँदै आएको छ ।

प्रधानमन्त्री शाहले राजतन्त्र पक्षधर आफ्ना राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा संविधान संशोधनका लागि बहसपत्र तयार गर्ने कार्यदल गठन गरेको र गणतन्त्र पक्षधर नेताहरू, उनीहरूलाई समर्थन गर्ने व्यापारिक घरानाका सदस्यहरूदेखि प्रशासनिक संयन्त्रका अधिकारीहरू पक्राउ पर्दा उनीहरूले हर्ष मानेका छन् ।

राजतन्त्र पक्षधर अभियन्ता दुर्गा प्रसाईंले शनिबार 'आफैं प्रधानमन्त्री भएको अनुभूत गरेको' बताए । चार वर्षअघिदेखि आफूले उठाएको एजेण्डाअनुसार भ्रष्टाचारी, तस्करहरूलाई बालेन्द्रले पक्राउ गरेको बताएका छन् । 'मैले चार वर्षदेखि जे भन्दै आएको थिएँ, आज गणतन्त्रका यी भ्रष्टाचारीहरू र तस्करहरूलाई पक्राउ गरिएको छ । अब राष्ट्र र जनता जोगाउन राजतन्त्रतिर देशलाई लानुपर्छ,' उनले भनेका छन् ।

संवैधानिक कानुनका जानकार डा. विपिन अधिकारी पनि बालेन्द्र सरकार बनेपछि राजावादी कित्तामा उभिएका छन् । हालै एक अन्तर्वार्तामा उनले भने, 'यत्तिको बलियो सरकारले त राजालाई पुनःस्थापना गर्नुपर्छ ।' उनको विचारमा राजतन्त्र पुनःस्थापित भए देशको स्वतन्त्र अस्तित्व रक्षा हुन्छ, नभए हुँदैन । दुई वर्षपछि राष्ट्रपतिको निर्वाचन हुने र त्यो राजा पुनःस्थापित गर्ने राम्रो प्रस्थानबिन्दु हुन सक्ने उनको भनाइ छ । 'यो पार्टी (रास्वपा)ले विचार गर्न सक्दछ । यसै पनि दुई वर्षपछि चुनाव गर्नुपर्छ राष्ट्रपतिको, त्यो राम्रो प्रस्थानबिन्दु हुन सक्दछ,' अधिकारीले भने ।

२१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनको जनादेश गणतन्त्र मास्ने छैन । अर्थात्, राजसंस्था र हिन्दूराष्ट्र पुनःस्थापित गर्ने जनादेश होइन । रवि लामिछाने नेतृत्वको रास्वपाले यी दुवै एजेण्डा लिएर निर्वाचनमा गएको थिएन । मात्रै 'देश बनाउने' मुख्य एजेण्डा थियो । संघीय लोकतान्त्रिक गणतन्त्र र धर्म निरपेक्षता फचाँक्ने भनेका थिएनन् । अझ प्रधानमन्त्री बालेन्द्रले त भनिसकेका छन्, 'म हिन्दू परिवारमा जन्मेँ तर मैले गौतम बुद्धलाई अनुशरण गर्छु ।'

उनले प्रदेश खारेजीभन्दा पनि अधिकार सम्पन्न बनाउने गत ५ माघमा जनकपुरधाममा बताए । झापा पुगेर पनि त्यही दोहोर्‍याए । विगतका यी अभिव्यक्तिहरूले प्रधानमन्त्री बालेन्द्र र उनको दल रास्वपा व्यवस्थाविरोधी कित्तामा नउभिने कतिपयको अनुमान छ । यद्यपि, बालेन्द्र प्रधानमन्त्री भएको एक सातामै व्यवस्थाविरोधी राजतन्त्र पक्षधरहरू उत्साहले केही न केही संकेत गर्छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## 'फ्रि भिसा, फ्रि टिकट' कार्यान्वयन गर्न 'एक्सन'मा उत्रियो सरकार

### श्रममन्त्री साहले व्यवसायीलाई सचेत गराउँदै भने- कामदारसँग १० हजार रूपैयाँभन्दा बढी नउठाउनू

■ ममता थापा

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा श्रमिक पठाउन लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट'को कार्यान्वयनमा कडाइ गर्ने भएको छ । मलेसियासहित खाडी राष्ट्रहरूका लागि उक्त व्यवस्था नियम लागू गरिएको वर्षौं बित्दा पनि व्यवहारमा कार्यान्वयन हुन नसकेकोमा वालेन्द्र शाह नेतृत्वको सरकार बनेसँगै यसलाई कडाइका साथ कार्यान्वयन गर्ने तयारी गरेको हो ।

'फ्रि भिसा, फ्रि टिकट'को नियमअनुसार म्यानपावर कम्पनीले कामदारसँग सेवा शुल्कबापत १० हजार रूपैयाँमात्र लिन पाउँछ । तर केही व्यवसायीबाहेक अधिकांशले कामदारसँग लाखौं रूपैयाँ लिने गरिएको बताइन्छ । यसलाई रोक्न श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले अग्रसरता लिएका हुन् । मन्त्री साहले एक भिडियो सन्देश जारी गर्दै इजाजत प्राप्त वैदेशिक रोजगारी व्यवसायीहरूलाई श्रमिकसँग सेवा शुल्कबापत १० हजार रूपैयाँभन्दा बढी नलिन आग्रह गरेका छन् । उनले सोभन्दा बढी रकम मागेको अवस्थामा मन्त्रालयमा सम्पर्क गर्न भनेका छन् । 'हाल नेपाल सरकारले इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थाहरूले १० हजार रूपैयाँमात्र सेवा शुल्क लिई वैदेशिक रोजगारीमा पठाउने प्रावधान रहेको छ,'



**दीपककुमार साह**
श्रममन्त्री




क्रमशः पृष्ठ २ मा

ह्युमन राइट्स वाचको निष्कर्ष

## खाडीमा रहेका कामदार आर्थिक संकटमा फस्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** खाडी मुलुकमा कार्यरत आप्रवासी श्रमिकले जारी द्वन्द्वका कारण आफ्नो जीवन र सामाजिक-आर्थिक अधिकारमा जोखिमको सामना गरिरहेको पाइएको छ । पश्चिम एसियाको युद्धका कारण श्रमिकहरूको आम्दानी घट्ने, खर्च बढ्ने तथा पर्याप्त सामाजिक सेवा वा सामाजिक सुरक्षामा पहुँचको कमीका कारण दैनिक खर्च जुटाउन नसक्ने अवस्थामा पुगेको ह्युमन राइट्स वाचको अध्ययनले देखाएको हो ।

गत मार्चमा बहराइन, कुवेत, ओमान, कतार, साउदी अरब, र संयुक्त अरब इमिरेट्स (युएई)मा कार्यरत नेपाली, भारतीय, र बंगलादेशी श्रमिकसँगको अन्तरवार्तामा यस्तो पाएको ह्युमन राइट्स वाचले जनाएको छ । उक्त संस्थासँगको सवारी चालक, डेलिभरी वर्कर, सुरक्षा गार्ड, सेफ र सरसफाइ कर्मचारी अन्तर्वार्तामा सहभागी थिए ।

अन्तरवार्तामा कतारको अस्पतालमा कार्यरत एक श्रमिकले आफ्नो काम निरन्तर जारी रहेको र बेलाबेलामा सुनिने विष्फोटको आवाजले आफ्नो मनमा धेरै कुराहरू खेल्ने, घरमा छोडेर आएका बच्चाको सम्झना आउने बताएको वाचले उल्लेख गरेको छ । मृत्युको मुखबाट बाँचेका एक जना कामदारले आफूलाई भगवान्ले बचाएको बताउँदै विना कुनै गल्ती दुःख भोग्न परेकोमा आक्रोश व्यक्त गरेको भनिएको छ । अन्य दुई जना घाइतेहरूले भने आफूहरूले पर्याप्त उपचारको सुविधा पाएको बताएका छन् ।

उक्त संस्थाका अनुसार कतारमा डेलिभरीमा कार्यरत अर्का श्रमिकले आफू अर्को मिसाइल कहाँ खस्छ भन्ने डरैडरको बीचमा पनि काम गर्न गएको बताएका छन् ।

क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार

HARDIK
IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमश:

## बालेन्द्र सरकारमा...

राजतन्त्र र हिन्दूराष्ट्र पुनःस्थापनाका लागि डेढ दशकदेखि जोडबल गरिरहेको तर जनमत प्राप्त गर्न नसकेको दल राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले केही दिनअघि एक अन्तर्वार्तामा रास्वपा र उसको सरकारलाई व्यवस्था फेरौं भन्ने तर त्यो रास्वपाको निर्णयले भर गर्ने बताएका थिए । 'हामी त प्रस्ताव गर्छौं । यो व्यवस्थामा धेरै विकृति आए, देश संकटमा फस्यो भनेर तर यो उहाँहरूको विषय हो,' लिङ्देनको भनाइ थियो ।

लिङ्देनकै पार्टी राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले शनिबार रास्वपा सभापति लामिछानेसँग भेटवार्ता गरे । भनिन्छ, त्यो भेटवार्ता राप्रपाले प्रतिनिधिसभाको उपसभामुख लिने भन्नेमा छलफल केन्द्रित थियो । किनभने प्रधानमन्त्री बालेन्द्र कम्युनिस्ट दल र कांग्रेसलाई उपसभामुख दिने पक्षमा छैनन् । राप्रपाले उपसभामुख लिए संवैधानिक परिषद् बैठक र संवैधानिक अंगमा नियुक्ति गर्न सहज हुने बालेन्द्रको बुझाइ रहेको स्रोत बताउँछ । यस्तोमा लामिछाने र शाहीबीच भेटवार्ता भएको हो । भेटवार्तापछि शाहीले निकै खुसी हुँदै स्टाटस लेखे, 'विगतका दुःखहरूले हामीलाई कमजोर होइन, दृढ बनाएको छ । त्यसैले आज हामी एकजुट भएर देश बनाउने महाअभियानमा अघि बढिरहेका छौं ।'

शनिबार नै 'राजतन्त्र जिन्दावाद' भन्दै एक हुल मानिसहरूले काठमाडौंमा प्रदर्शन गरे । उनीहरूले 'राजा आऊ, देश बचाऊ'को नारा लगाए । यसरी राजतन्त्र पक्षधरहरूमा ऊर्जा थपिनुको कारण के हुन सक्छ ? त्रिभुवन विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक तारानाथ घिमिरेलाई सोधेका थियौं । उनले भने, 'डकुमेन्टको आधारमा भन्दा रास्वपाले अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार्छ तर त्यहाँ भएका कतिपय नेता र तिनको राजनीतिक व्यवहारले पुरानै व्यवस्थाको पक्षपाति हो क्या हो ? भन्ने लाग्छ । अझ हालै संविधान संशोधनको बहस गर्न डकुमेन्ट तयार गर्न जसलाई जिम्मा दिइयो, त्यसले यस्तो शंका गर्नेहरूलाई बल पुगेको छ ।'

देशबाट राजतन्त्रको औपचारिक अन्त्यको घोषणा भएको ११ वैशाख २०६३ मा हो । त्यस दिन राजतन्त्रको अन्त्य र लोकतन्त्रको स्थापना भयो । त्यसको झण्डै दुई वर्षपछि १५ जेठ २०६५ मा गणतन्त्रको घोषणा भयो । यसबीचमा राजतन्त्र र हिन्दूराष्ट्र पुनःस्थापनाका लागि राजतन्त्र पक्षधर शक्तिहरू र पूर्वराजा ज्ञानेन्द्र शाह स्वयंले पटक-पटक संघर्ष गरे तर सफल भएनन् । यतिबेला भने देशमा गणतन्त्र स्थापना गराउने शक्तिहरू तत्कालीन माओवादी (हालको नेकपा), कांग्रेस, एमालेलगायत दल कमजोर बनेका छन् । यहीबेला राजनीतिक-वैचारिक, सैद्धान्तिक र दार्शनिक पक्ष स्पष्ट नभएको दल रास्वपाले अभूतपूर्व जनमतसहित शक्तिशाली सरकार गठन गर्दा राजतन्त्र पक्षधर शक्तिहरूमा हौसला बढेको देखिएको हो ।

■■■

## गुण्डागर्दीदेखि...

बिहीबारमात्रै गृहमन्त्री सुधन गुरुङले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको निरीक्षण गरेका थिए । लगत्तै प्रहरीले सर्च अपरेसन चलाएको हो ।

गुण्डागर्दी नियन्त्रण अभियानअन्तर्गत नेकपा एमालेनिकट युवा संघका नेता वकिल बमलाई पक्राउ गरेको छ । उनीसँगै सञ्जीव लामा, अशोक गिरी, सुरेश गुरुङ उर्फ किमजोङ, सञ्जीव राई, राजकुमार तामाङ, विनोद ठकुरी, शेर्पा लामा, राहुल राई, समेश तामाङ, सुनबहादुर तामाङ, वीरबहादुर लामा र महेश महत पक्राउ परेका छन् । प्रहरीका अनुसार उनीहरू ठमेलसहित विभिन्न क्षेत्रमा आपराधिक गतिविधिमा सक्रिय थिए ।

उनीहरूबाहेक प्रहरीले प्रवीण तामाङ 'डिम्पल', बिर्जु महर्जन, सुजन कार्की, सरु हुमागाईं र विकी लामा पक्राउ परेका छन् । उनीहरू लामो समयदेखि राजधानीका विभिन्न क्षेत्रमा गुण्डागर्दी र लुटपाटमा संलग्न रहेको आरोप छ ।

शुक्रबार जगदम्बा ग्रुपका अध्यक्ष शंकर अग्रवाल पक्राउ परे । उनी विवादित उद्योगी हुन् । उनीभन्दा अघिल्लो दिन बिहीबार चर्चित बिचौलिया दीपक भट्ट पक्राउ परे । विगतमा उनी सरकार प्रमुखसँग निकट रहँदै जोगिँदै आएका थिए । उनी निकै विवादित बिचौलिया-व्यवसायी हुन् । यसपटक भने उनी पक्राउ परे । उनी सम्पत्ति शुद्धीकरण प्रकरणमा अनुसन्धानको घेरामा आएका हुन् । अध्यागमन विभागले उनलाई कालोसूचीमा राख्दै पासपोर्ट रोक्का गर्न आग्रह गरेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले नियन्त्रणमा लिएको हो ।

मंगलबार जेन-जी विद्रोहका बेला काठमाडौंका प्रमुख जिल्ला अधिकारी रहेका छविलाल रिजाल पक्राउ परे । उनीमाथि प्रदर्शन दमनमा भूमिका खेलेको आरोप छ । यद्यपि सरकारी वकिल कार्यालयबाट उनी हाजिरी जमानीमा छुटेका छन् ।

सोही रात एमालेकी लुम्बिनी प्रदेश सांसद रेखा शर्मा पक्राउ परिन् । उनीमाथि बालश्रम शोषण तथा कुटपिटको आरोप लागेको छ । वर्षौंदेखि आफ्नै घरमा काम गराइएकी बालिकाको उद्धारपछि सार्वजनिक भएको घटनाले मानवअधिकारका सवालमा गम्भीर प्रश्न उठाएको थियो । यसअघि मुद्दा नचलेको भए पनि अहिले उनी पक्राउ पर्नुले सरकारले पुराना फाइलहरू पनि पुनः खोल्न थालेको संकेत दिएको छ ।

गत आइतबार 'हाई प्रोफाइल' दुई नेता पक्राउ परे । ओली सरकारकै पूर्वऊर्जामन्त्री दीपक खड्का र एमाले कर्णाली प्रदेशका नेता कर्णबहादुर मल्ल । मल्ल बलात्कार आरोपमा पक्राउ परे । पीडित महिलाले दिएको उजुरीपछि लामो समयसम्म पक्राउ नपरेका मल्ल अन्ततः प्रहरीको नियन्त्रणमा आएका हुन् ।

कांग्रेस नेता तथा पूर्वऊर्जामन्त्री खड्का जेन-जी विद्रोहको बेला उनको निवासबाट बरामद भएको ठूलो परिमाणको रकम र त्यसको स्रोतबारे छानबिन गर्न केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले नियन्त्रणमा लिएको हो । जेन-जी विद्रोहका बेला खड्काको घरमा भएको आगजनीपछि जलेका नोटका भिडियोहरू सार्वजनिक भएका थिए ।

त्यसअघि भने गत २३ भदौमा जेन-जी विद्रोह दमन प्रकरणमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र उनका सरकारका गृहमन्त्री रमेश लेखक १४ चैतमा पक्राउ परेका थिए । उनीहरूमाथि मुलुकी फौजदारी कसुरमा अनुसन्धान भइरहेको छ । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले २३ गतेको घटनामा जिम्मेवार ठहर गर्दै कारबाही सिफारिस गरेपछि सरकारले प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो । सोही निर्णयपछि भएको पक्राउले राजनीतिमा भूकम्पीय प्रभाव पारेको छ ।

त्यसयता सरकारले विवादित राजनीतिज्ञदेखि आपराधिक क्षेत्रमा क्रियाशीलहरूलाई निशाना बनाएको देखिएको छ । पूर्वएआइजी देवेन्द्र सुवेदीका अनुसार सरकारले चालेको कदम स्वागतयोग्य छ । उनले भने, 'जे गर्दै छ सरकार, राम्रो गर्दै छ । राम्रो काम गर्दा साथ दिनुपर्छ ।'

## फ्रि भिसा, फ्रि...

मन्त्री साहले भनेका छन्, 'कोही कसैले उल्लिखित शुल्कभन्दा बढी रकम उठाएको, मागेको वा यससम्बन्धी अन्य गुनासो भएमा तत्काल मन्त्रालयमा सम्पर्क गरी आफूलाई परेको गुनासो, समस्या टिपाउनु हुन सम्बन्धित सबैमा यस मन्त्रालय हार्दिक अपिल गर्दछ ।'

उक्त भिडियोमार्फत गुनासो तथा उजुरी टिपाउन 'हेलो सरकार' र 'श्रमाधान कल सेन्टर'को टोल फ्रि नम्बर सार्वजनिक गर्दै सम्पर्क गर्न अनुरोध गरिएको छ । यो नीतिलाई प्रभावकारी बनाउन केही दिन अघिदेखि वैदेशिक रोजगार विभागले पनि बढी रकम लिने म्यानपावरहरूलाई रोजगारीमा पठाएको श्रमिकको संख्या, श्रमिकको सम्पर्क नम्बर, श्रमिकबाट लिएको रकमलगायतका विवरणसहित विभागमा उपस्थित हुन पत्राचार गर्न थालेको थियो ।

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ जेठ २६ गतेबाट प्रमुख गन्तव्य मुलुक साउदी अरब, कतार, कुवेत, बहराइन, ओमान, युएई र मलेसिया जाने श्रमिकका लागि फ्रि भिसा, फ्रि टिकटको नीति कार्यान्वयनमा ल्याएका थिए । जसअन्तर्गत श्रमिकसँग सेवा शुल्कबापत १० हजार रूपैयाँमात्रै लिन पाउने व्यवस्था गरिएको थियो । एक दशक बितिसक्दा पनि यो प्रावधानको प्रभावकारी कार्यान्वयन नभएपछि कतिपय मन्त्रीहरूले नै यसलाई पुनर्विचार गर्नुपर्ने बताउँदै आएका थिए । हालको सरकारले भने यो नीतिलाई कडाइका साथ कार्यान्वयमा लैजाने देखिएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूले भने यो प्रावधान अव्यावहारिक रहेको बताउँदै आएका छन् । उनीहरूले १० हजार रूपैयाँ सेवा शुल्कमा श्रमिक पठाउन नसकिने भन्दै कानुन संशोधनका लागि सरकारलाई पटक-पटक दबाब दिँदै आएका थिए । हाल केही व्यवसायीले मात्र फ्रि भिसा, फ्रि टिकटमा श्रमिक पठाइरहेका छन् । संस्थागत माध्यमबाट रोजगारीमा जानेहरूमध्ये करिब पाँच प्रतिशतमात्र फ्रि भिसामा गएको पाइन्छ । झण्डै ९५ प्रतिशत श्रमिक म्यानवापर व्यवसायीलाई ५० हजारदेखि चार लाख रूपैयाँसम्म बुझाएर जाने गरेका छन् । सबै रोजगारदाता कम्पनीले श्रमिकको लागत नव्यहोर्ने भएकाले आफूहरू शुल्क उठाउन बाध्य भएको व्यवसायीको दाबी छ ।

व्यवसायीहरूले कामदारसँग लिने सेवा शुल्क बढाउनुपर्ने माग गर्दै आएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले १० हजार रूपैयाँ सेवा शुल्क अव्यावहारिक भएको भन्दै यो रकम बढाउनुपर्ने माग गर्दै आएको छ ।

वैदेशिक रोजगारीमा संस्थागत माध्यमबाट १११ र व्यक्तिगत श्रम स्वीकृति लिएर १७८ वटा मुलुकमा रोजगारीमा जान्छन् । म्यानपावर व्यवसायीले प्रत्येक वर्ष साढे तीन लाखभन्दा बढी कामदारलाई रोजगारीमा पठाउने गरेका छन् ।

■■■

## खाडीमा रहेका...

हरेकपटक अर्को १० रियाल कसरी बनाउने भन्ने सोचले काम गर्न बाध्य बनाएको उनको भनाइ छ । आक्रमणको जानकारी ह्वाट्सएपमार्फत आएपछि फर्किने गरेको उनले बताएका छन् । कुवेतमा कार्यरत एक ट्याक्सी चालकले सवारीको संख्या घट्दा आम्दानी पनि आधाभन्दा बढि घटेको बताए । सवारी धनीलाई दिनपर्ने भुक्तानी, इन्धन, मर्मतसम्हार र आफ्नो खानबस्नको खर्च बेहोर्न पर्याप्त नभएको उनले बताएको वाचले उल्लेख गरेको छ ।

युएई, कुवेत, बहराइन र कतारका कामदारले खाद्यसामग्रीको मूल्यवृद्धि भएको अन्तरवार्तामा बताएको पाइएको छ । ठूला बजारहरूमा सरकारको अनुगमन भए पनि थोरै आय भएका कामदारले खरिद गर्ने साना पसलहरूमा कुनै अनुगमन नभएको श्रमिकको गुनासो छ । कुवेतमा कार्यरत एक कामदारले आफूहरूले दुई महिनाका लागि पुऱ्याउने खर्चले अब एक महिनाका लागि पनि पुग्न छोडेको बताएका छन् । दैनिक उपभोग्य सामग्रीको भाउ दुईदेखि तीन गुणा बढेको उनको भनाइ छ ।

बहराइनमा रहेका रोजगारी गुमाएका एक कामदारले कहिलेकाहीँ आफूसँग पर्याप्त खानासमेत नभएको वाचलाई बताएका छन् । जोखिम भए पनि आफू कामको खोजीमा बाहिर निस्कने गरेको उनको भनाइ छ । बहराइनमा बेरोजगार आप्रवासीहरू सडकमा ठेकेदार आएर काम दिन्छ कि भनेर जम्मा भएको एउटा भिडियो पाएको पनि सो संस्थाले जनाएको छ । कुवेतका एक ट्याक्सी चालकले विगतको तुलनामा हाल पाँच भागको एक भागमात्र काम पाइरहेको भनेका छन् ।

वाचले दुईवर्षे सम्झौता भएता पनि कम काम वा तलब पाइरहेका तथा अनिवार्य बेतलबी बिदामा रहेका श्रमिकसँग पनि कुराकानी गरेको थियो । युएईको आतिथ्य क्षेत्रमा कार्यरत तीन जना कामदारले होटलको अकुपेन्सी दर घटेकाले कर्मचारीलाई बाँकी बिदाहरू बिताउन, विनातलब छुट्टी लिन, वा सम्झौता रद्द गर्न भनेको बताएका छन् । युएईमा काम गरिरहेका एक सेफले कर्मचारीहरू २५-३० जनाबाट तीन-चारमा झरेको बताएका छन् । बेतलबी बिदामा रहेकाहरू घर फर्किन नसक्दासम्म कम्पनीले आवास दिए पनि खानाको व्यवस्था स्वयंले गर्नुपर्ने भनेको उनले वाचसँग बताएका छन् ।

विनातलब छुट्टीमा रहेका एक कर्मचारीले कम्पनीबाट कुनै पनि सुविधा पाउन छोडेको र आफूहरूलाई स्वदेश फर्किन दबाब दिइरहेको बताएका छन् । आफ्नै खर्चमा फर्कनपर्ने भएकाले हवाइभाडा अत्यधिक बढ्दा समस्या भएको उनले भनेका छन् । युएईमै रहेका एक कामदारले ऋण काढेर आए पनि रोजगारी गुमाउनु दुःखद भएको बताएका छन् ।

ह्युम राइट्स वाचले खाडी मुलुकले श्रमिकको आयमा भएको गिरावट घटाउन र आवश्यक भएमा क्षतिपूर्ति दिन उपायहरू अपनाउनुपर्ने सुझाव दिएको प्रकाशित सामग्रीमा उल्लेख गरेको छ । जसअन्तर्गत, श्रमिकहरूलाई जीविकोपार्जनका लागि न्यूनतम पारिश्रमिक प्रदान गर्नुपर्ने, उनीहरूको करार सुरक्षित गर्नुपर्ने र सामाजिक सुरक्षामा पहुँच स्थापित गर्नुपर्ने भनिएको छ । स्वदेश फर्किन चाहने श्रमिकलाई हवाइ यात्राका लागि आवश्यक सहयोग गर्ने या उनीहरूका देशको सरकार र एयरलाइन्ससँग समन्वय गरी सस्तो उडानको विकल्प दिनपर्ने सो संस्थाको माग छ । खाडीमा भएका कामदारको मृत्यु जुनसुकै कारणले भएको भए पनि क्षतिपूर्ति प्रदान गर्न अनिवार्य जीवन बिमा नीतिको माग गर्दै आएको उल्लेख गरेको छ ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत सरकारले आफ्ना नागरिक या मुलुकभित्र रहेको आप्रवासी कामदारलाई उचित तलब र सामाजिक सुरक्षाको पहुँच सुनिश्चित गर्नुपर्छ । खाडी मुलुकले संकटको समयमासमेत कामदारले स्तरीय जीवनयापन गरुन् भन्नका लागि यसको सुनिश्चित गर्नुपर्ने वाचले जनाएको छ । श्रमिकका विभिन्न समस्याहरूको बारेमा थप जानकारी लिन सबै खाडीका देशहरूमा पत्राचार गरे पनि कुनैले पनि पर्याप्त जवाफ नपठाएको जनाएको छ ।

# युएईमा घाइते भएका सातजना नेपाली खतरामुक्त, छ जना अस्पतालबाट 'डिस्चार्ज'

**काठमाडौं (प्रस)–** पश्चिम एसियाको द्वन्द्वका क्रममा संयुक्त अरब इमिरेट्स (युएई)मा आक्रमणमा परी घाइते भएका सबै नेपाली नागरिक सबै खतरामुक्त रहेका जनाइएको छ ।

सो आक्रमणमा परेर सात जना नेपाली घाइते भएका थिए । घाइते नेपाली नागरिक सबै खतरामुक्त रहेको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।

राजदूतावासका अधिकारीले गम्भीर घाइतेसहित सातै जनासँग टेलिफोन सम्पर्क गरेको र उनीहरूले खतरामुक्त रहेको जानकारी गराएको परराष्ट्र मन्त्रालयले शनिबार जानकारी दिएको छ । घाइतेमध्येका चारजनालाई दूतावासका अधिकारीहरूले शनिबार नै भेट गरी उनीहरूको अवस्थाका बारेमा बुझेको र आवश्यक सहयोगका लागि समन्वय गर्ने उल्लेख गरेका थिए । बाँकी तीन जनासँग पनि छिट्टै भेट गरी आवश्यक जानकारी लिइने मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिए ।

प्रवक्ता क्षेत्रीका अनुसार छ जना सामान्य उपचारपछि हाल अस्पतालबाट फर्किसकेका र गम्भीर चोट लागेको भनिएका थप एकजना नेपालीको पनि हाल उपचार जारी रहेको तथा उन पनि खतरामुक्त रहेको छ । आफू छिट्टै अस्पतालबाट 'डिस्चार्ज' हुने उनले टेलिफोनमा बताएको उनले उल्लेख गरे ।

यस घटनाका सम्बन्धमा जानकारी प्राप्त हुनासाथ आवश्यक समन्वयका लागि मन्त्रालयबाट दूतावासलाई निर्देशन दिइएको थियो । युएईका सम्बन्धित निकायहरूबाट समयमै उनहरूलाई उचित उपचारको प्रबन्ध गरिएको थियो । राजदूतावासले उनीहरूलाई आवश्यक पर्ने कुनै पनि प्रकारको सहयोगका लागि प्रतिबद्ध र तयार रहेको जनाएको छ ।

# स्वास्थ्यकर्मीलाई न्यूनतम पारिश्रमिक प्रदान गर्न निर्देशन

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निजी मेडिकल तथा डेण्टल कलेज र अस्पतालहरूलाई नर्सलगायत स्वास्थ्यकर्मीहरूलाई न्यूनतम पारिश्रमिकलगायत सेवा सुविधाहरू उपलब्ध गराउन निर्देशन दिएको छ । मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाले (एशोसिएशन आफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), नेपाल मेडिकल तथा डेण्टल कलेज एशोसिएशनलाई हालै एक पत्र जारी गर्दै सरोकारवाला पक्षहरूसँग गत कात्तिक १५ गते भएको सहमति कार्यान्वयन गर्न आग्रह गरेको हो ।


**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/२२**

यस सा व उ स वाट संकलन भएको साल गोलिया काठ ४९३.८० क्यू फिट र साल दाउरा २ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**गलेखाम सा. वन उपभोक्ता समूह, व्यास ६, तनहूँ ।**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२२ गते**

यस कम्पनीको मिति २०८२/११/२२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कमल के.आर.पि.उद्योग प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **के.ब्यूटी स्टुडियो प्रा.लि.(K. Beauty Studio Pvt. Ltd.) (प्रा.लि.नं. ३३३५१७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/२४ मा दर्ता भएको **प्रा.लि. नं. २२३९७२** को **राइनो ट्रेडिङ्ग कम्पनी प्रा. लि.** को मिति २०८२/१२/०३ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ६६३**

**ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**आइतबार, २२ चैत, २०८२**

| | |
|---|---|
| **मेष** | मन प्रफुल्ल रहनेछ । विश्वासपात्रबाट सहयोग मिल्न सक्छ । |
| **वृष** | तनावले सताउनेछ । नयाँ नयाँ आरोपको सामना गर्नुपर्नेछ । |
| **मिथुन** | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| **कर्कट** | रमाइलो भेटघाट हुनेछ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| **सिंह** | नयाँ योजनामा काम हुन सक्छ । आलस्य त्याग गर्नु राम्रो हुन्छ । |
| **कन्या** | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| **तुला** | सम्मान प्राप्त हुने योग छ । श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला । |
| **वृश्चिक** | स्वास्थ्य गडबड हुन सक्छ । खानपिनमा ध्यान दिनु राम्रो हुन्छ । |
| **धनु** | दौडधुप बढ्नेछ । नयाँ कामको अवसर प्राप्त हुनेछ । |
| **मकर** | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| **कुम्भ** | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ। |
| **मीन** | अहंकार बढेर जानेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ चैत, २०८२ (०५ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.४४ | १५२.०४ |
| युरो | १ को | १७५.६६ | १७६.३६ |
| पाउन्ड स्टिर्लङ | १ को | २०१.६० | २०२.४० |
| स्विस फ्रैन्क | १ को | १९१.०९ | १९१.८५ |
| अस्ट्रेलियन डलर | १ को | १०५.२१ | १०५.६२ |
| क्यानाडियन डलर | १ को | १०८.९८ | १०९.४२ |
| सिङगापुर डलर | १ को | ११८.०८ | ११८.५५ |
| जापानी येन | १० को | ९.५५ | ९.५९ |
| चिनियाँ युआन | १ को | २२.०३ | २२.१२ |
| साउदी अरब रियाल | १ को | ४०.३५ | ४०.५१ |
| कतारी रियाल | १ को | ४१.५४ | ४१.७० |
| थाई भाट | ख १ को | ४.६६ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.२४ | ४१.४० |
| मलेसियन रिङेट | १ को | ३७.६१ | ३७.७६ |
| दक्षिण कोरियन वन | १०० को | १०.०६ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १६.१३ | १६.१९ |
| डेनिस क्रोनर | १ को | २३.५१ | २३.६० |
| हङकङ डलर | १ को | १९.३२ | १९.४० |
| कुवेती दिनार | १ को | ४९३.६९ | ४९५.६५ |
| बहराइन दिनार | १ को | ४०१.११ | ४०२.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**मापसे चेकिङ** | काठमाडौं महानगरपालिका–९ स्थित सिनामंगल क्षेत्रमा शनिबार दिउँसो दुईपांग्रे सवारीचालकहरूको मादकपदार्थ सेवन (मापसे) परीक्षण गर्दै ट्राफिक प्रहरी । *तस्बिरः रासस*

# ब्रम्हबीज पिताम्वर पीठको अभियान सुरु

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** विश्व नै अशान्त बनिरहेका बेला ब्रम्हबीज पिताम्वर पीठ काठमाडौंले विश्व शान्तिको कामना गर्दै साधना र तपस्याबाट नै शान्ति सम्भव उल्लेख गर्दै अभियान सुरु गरेको छ । ऐतिहासिक सम्पदा क्षेत्रका रूपमा रहेको पशुपति क्षेत्रलाई मध्यनजर गर्दै पीठसहित अभियानको शुभारम्भ  गरिएको हो ।

शनिबार आयोजित कार्यक्रममा काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन समितिका संयोजक एवं वडा नं ८ का वडाध्यक्ष आशामान संगतले विश्व शान्तिका लागि पीठले आयोजना गरेको प्रवचनसहितको अभियानले बढ्दै गइरहेको आन्तरिक तथा बाहृय द्वन्द्वलाई न्यूनीकरण गर्न सहयोग पुग्ने बताए । उनले साधना र तपस्याबाट शान्तिको खोजी गर्ने पीठको अभियानमा महानगरको सम्पदा समितिको तर्फबाट गर्न सक्ने सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

कार्यक्रममा वडा नं. ११ का अध्यक्ष हिरालाल तण्डुकारले पछिल्लो समयमा नेपालीहरूले आफ्नो धार्मिक परम्परा, रीतिरिवाज तथा सभ्यतासमेतलाई बिर्सँदै गएको चर्चा गर्दै साधना र तपस्या धार्मिक दृष्टिकोण र वैज्ञानिक दृष्टिकोणबाट समेत निकै  नै महत्त्वपूर्ण भएको धारणा राखे ।

कार्यक्रममा धार्मिक अभियन्ता अभिषेक जोशीले आफूले हरेक नेपालीको घरमा भागवत् गीताको पुस्तक हुनुपर्ने अभियान सञ्चालन गरिरहँदा पश्चिमी संस्कृतिले निकै जरो गाडिसकेको पाएको अनुभव सुनाए । उनले आफ्नो परम्परा, धर्म संस्कृति र सभ्यता जोगाउन नसकिए मुलुककै अस्तित्व संकटमा पर्न सक्ने उल्लेख गरे ।

साधना, तपस्या र अनुष्ठान अभियानले हरेक घरभित्र भएको कलह र आधुनिक गलत संस्कारलाईसमेत न्यूनीकरण गर्न सकिने पीठकी प्रमुख सर्वेश्वरी प्रिया सखीले बताइन् । धर्म, संस्कृति र संस्कारमाथि भइरहेको अतिक्रमणले विशेषगरी बालबालिका र युवा वर्गलाई वीक्षिप्त बनाइरहेकाले बेलैमा सोच्नुपर्नेमा उनले जोड दिइन् ।

साधना तथा तपस्याबाट शान्ति खोजी गर्ने प्रवचनात्मक कार्यक्रममा पण्डित अच्चुतराम भण्डारी सन्त नन्हुराम भुर्जी, अभियन्ताहरू उपासन अधिकारी, रमेश महर्जन एवं वडा ७ का सदस्य उज्ज्वल अर्यालले धर्म र संस्कृतिले समाजमा पार्ने प्रभावका बारेमा चर्चा गरेका थिए ।

# औषधिको ‘प्रमोसन’ गर्ने व्यक्तिलाई कार्यालय समयभित्र वीर अस्पताल प्रवेशमा निषेध

**काठमाडौं–** वीर अस्पतालले चिकित्सकले बिरामीलाई औषधि सिफारिस गर्दा कुनै निश्चित कम्पनी वा ‘ब्राण्ड’ तोकी नलेख्न निर्देशन गरेको छ । अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. दिलीप शर्माले चिकित्सकले बिरामीलाई औषधि तथा सर्जिकल सामग्रीको सिफारिस गर्दा कुनै निश्चित कम्पनी ब्राण्ड तोकी नलेखी सबैले बुझ्ने गरी ‘जेनेरिक’ नाम ठूलो अक्षरमा लेख्न आग्रह गरेका हुन् ।

यसरी चिकित्सकले औषधिको सिफारिस गरेपछि चिकित्सकले आफ्नो लाइसेन्स नम्बर राखेर हस्ताक्षरसहित लेख्न आग्रह गरिएको छ । अस्पतालका निर्देशक प्रा.डा. शर्माले औषधिको ‘प्रमोसन’ गर्ने व्यक्ति (एमआर) लाई कार्यालय समयभित्र प्रवेशमा निषेध गरिएको जानकारी दिए । औषधिको प्रमोसन गर्ने व्यक्ति (एमआर)लाई कार्यालय समयमा बहिरंग सेवा, आकस्मिक कक्ष तथा शयचामा प्रवेशमा निषेध गरिएको उनले बताए ।

यसैगरी, अस्पतालले अस्पताल हाताभन्दा बाहिरका औषधि पसलबाट औषधि किन्न बिरामीलाई अभिप्रेरित गर्ने र शयचामा गएर औषधि पसलले ‘भिजिटिङ कार्ड’ बाँड्ने गरेकोसमेत पाइएकाले त्यस्तो कार्य नगर्न सबै कर्मचारीलाई अनुरोध गरेको छ । यस्तो कार्य गरेको पाइएमा अस्पताल प्रशासनबाट नियमानुसारका कारबाही गर्नेसमेत अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. शर्माले बताए ।

यसैगरी, अस्पताल प्रशासनले चिकित्सकले औषधि तथा सर्जिकल सामग्रीको कम्पनी वा ब्राण्ड नमिलेको भनी फिर्ता गरी बिरामीलाई अनावश्यक दुःख दिने कार्य नगर्नसमेत आग्रह गरेको उनले बताए । यदि त्यस्तो दुःख दिने कार्य गरेको पाइएमा संलग्न चिकित्सक, नर्सिङ तथा अन्य कर्मचारीलाई कारबाही गरिने समेतमा अस्पतालले उल्लेख गरेको छ ।

‘फोकल पर्सन’ तोक्न स्वास्थ्य मन्त्रालयको निर्देशन

यसैबीच, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो मातहतका स्वास्थ्य संस्थालाई ‘फोकल पर्सन’ तोकेर पठाउन निर्देशन जारी गरेको छ । मन्त्रालयका सूचना अधिकारी डा. भक्त केसीले ‘हेलो सरकार’बाट आएका गुनासोलाई सम्बोधन गर्नका लागि आफ्नो मातहतका ४६ स्वास्थ्य संघसंस्थालाई जतिसक्दो चाँडो ‘फोकल पर्सन’ तोकेर पठाउन निर्देशन दिएको जानकारी दिए ।

उनले सरकारले जारी गरेको शासकीय सुधारका कार्यक्रमको हेलो सरकारलाई स्तरोन्नति गरी नागरिक ‘प्लेटफर्म’का रूपमा विकास गर्नका लागि फोकल पर्सन तोकेर पठाउन मन्त्रालयमा मातहतका निकाय, अस्पताल र प्रतिष्ठानलाई निर्देशन दिएको बताए । उनले ती फोकल पर्सनले हेलो सरकारबाट प्राप्त भएका नागरिकका गुनासो सम्बोधनका गर्ने बताए । स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत ४६ वटा विभाग/अस्पताल/प्रतिष्ठानलाई पत्र पठाइएको सूचना अधिकारी डा. केसीले बताए । *रासस*

# मतदाता नामावली आजदेखि संकलन गरिँदै

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम आजदेखि पुनः सञ्चालन गर्दै छ । आयोगको यही चैत १८ गतेको बैठकले उक्त कार्यक्रम पुनः थाल्ने निर्णय गरेको हो । राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपालीले त्यसमा निहित विवरण प्रविष्ट गरी अनलाइनबाटै नाम दर्ता गर्नसक्ने छन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय परिचयपत्र नबनाएकाले आयोगको ‘प्रि-इनरोलमेन्ट’ प्रणालीमार्फत अनलाइन फाराम भरी फोटो तथा औंठाछापसहितको जैविक विवरण प्रविष्ट गर्नुपर्ने छ । प्रदेश र जिल्ला निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सकिने आयोगले जनाएको छ ।


## मातृशक्ति बचत तथा ऋण सहकारी सस्था लि.

**सिनामंगल, काठमाडौं, फोन नः ९८४३८७२५२५, ९७०९६१२५९७**

**ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति २०८२/१२/२२ गते**

यस मातृशक्ति बचत तथा ऋण सहकारी संस्था लि। बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको ऋणको सावा, व्याज तथा अन्य दैदस्तुर नबुझाएकोले कर्जा तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा समेत बेवास्ता गरि कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले ऋण चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई तिर्नु बुझाउनुपर्ने ऋणको सावा, व्याज तथा अन्य दैदस्तुर समेत तिर्नु बुझाउन हुन सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता नगरेमा धितोमा रहेको तपशिल बमोजिमको सम्पति लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गरिने छ । सो बाट सस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा ऋणीको वा निजको एकाघर परिवारका नाममा रहेको तथा जमानीकर्ताहरुको समेत चल अचल सम्पति तथा अन्य जायजेथा समेतबाट सहकारी ऐन, सहकारी नियमावली तथा नेपालको प्रचलित कानुन एबम् यस संस्थासंग भए गरेका लिखित संझौता अनुसार लिलाम बिक्रि वा अन्य व्यवस्था गरि असुल उपर गरि लिनुका साथै ऋणी तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समाबेस गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराइएको छ ।

**तपशिल**

| ऋणीको नाम र ठेगाना | जमानीकर्ताको नाम र ठेगाना | धितो राखिएको सम्पतिको बिवरण |
|---|---|---|
| **ऋणीको नाम ज्ञान कुमार तमाङ**<br>बाबुको नाम बिगन सिं तमाङ<br>बाजेको नाम बगन सिं तमाङ<br>स्थायी ठेगानाः नागदह ९, रामेछाप<br>हालको ठेगानाः का.जि.का.म.न.पा. वडा नं ७<br>ना.प्र.प. नंः २०९२४।२११०२६/४३६७ | **जमानीकर्ताको नामः हिरामाया श्रेष्ठ**<br>बाबुको नामः रंज नारायण श्रेष्ठ<br>स्थायी ठेगानाः पोखरी २, उदयपुर<br>ना.प्र.प.नं ८०३ | भक्तपुर जिल्ला साविक सिपाडोल गा.वि.स. हाल सूर्यबिनायक न.पा वडा नं ८ सिट नं ८(क) को कित्ता नं ११०८ क्षेत्रफल ०-८-०-० र सो जग्गाले चर्चेको लिगलापात समेत । |
| **ऋणीको नामः चन्द्र कुमारी श्रेष्ठ**<br>ससुराको नामः  बिगन सिं तामाङ<br>श्रीमानको नामः ज्ञान कुमार तामाङ<br>स्थायी ठेगानाः नागदह ९, रामेछाप<br>ना.प्र.प. नं ३४०४६/११९१० | **जमानीकर्ताको नामः हिरामाया श्रेष्ठ**<br>बाबुको नामः रंज नारायण श्रेष्ठ<br>स्थायी ठेगानाः पोखरी २, उदयपुर<br>ना.प्र.प.नं ८०३ | |

## क्यापिटल बचत तथा ऋण सहकारी सस्था लि.



**लगनखेल, ललितपुर, फोन नं : ०१-५४२२४९८**

**धितोमा रहेको सम्पति लिलाम बिक्री गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना**

**तेश्रो पटक प्रकाशित मिति : २०८२/१२/२२**

यस संस्थाको तपसिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सावाँ, व्याज, र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लघंन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुदाँ मिति २०७९।०२।२३ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएको हुदाँ ऋणको सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो लिलाम बिक्री गर्न २०७९/१०/११ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उल्लेखित म्याद भित्र कहि कतै बाट बोलपत्र नपरेकोले यो १५ दिने धितो लिलामी सम्बन्धी सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरि लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनि तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण बापतको सम्पत्ति सहकारी आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा बिक्री भयो वा सहकारी आफैले सकार गरि लियो भनि कहि कतै उजुर बाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा सम्बन्धित ऋृण तथा जमानीकर्ताहरूको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरि लिने र ऋृणी तथा जमानीकर्तालाई कालो सूचीमा समावेस गरिने व्यहोरा समेत सबैलाई सूचित गराईन्छ

**तपसिल**

| ऋणीको नाम थर ठेगाना | फोटो | जमानीकर्ताको नाम थर ठेगाना | फोटो |
|---|---|---|---|
| **ऋणीको नाम : भजन कुमारी गुरुङ्ग**<br>बाबुको नाम : मन बहादुर गुरुङ्ग<br>बाजेको नाम : बहादुर गुरुङ्ग<br>स्थायी ठेगाना : पिठुवा ९, चितवन<br>हालको ठेगाना : ललितपुर म.नपा. वडा नं.३, ललितपुर<br>ना.प्र.नं.: २८-०१-०६६-०३०४७ |  | **जमानीकर्ताको नाम : कुमारी कल्पना खड्का**<br>बाबुको नाम : राम बहादुर खड्का<br>बाजेको नाम : ललित बहादुर खड्का<br>स्थायी ठेगाना : टिकापुर ६, कैलाली<br>हालको ठेगाना : ललितपुर म.न.पा.वडा नं १, ललितपुर |  |
| **धितोमा राखिएको सम्पत्तिको विवरण** : चितवन जिल्ला पिठुवा गा.वि.स.वडा नं ९ सिट नं ९(क) को कित्ता नं २२५०, क्षेत्रफल ३३८.६३ र सो जग्गाले चर्चेको लिगलगापात समेत । | | | |

**शर्त बन्देजहरू** :

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र बुझाउन सकिने छ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समयभित्र बुझाउन सकिनेछ ।

२. प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ३:०० बजे खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समय भित्र खोलिनेछ ।

३. धितो लिलाम सम्बन्धि अन्य शर्तहरू :

(क) लिलाममा सवैभन्दा बढी डांक बोल्नेको नाममा लिलाम सदर गरिनेछ ।

(ख) लिलाम सकार गर्ने व्यक्ति तथा संघ संस्था वा कम्पनिले उक्त दिन डांक रकमको १० प्रतिशत रकम धरौटी स्वरूप दाखिला गर्नुपर्नेछ ।

(ग) बाँकी रकम १ हप्ता भित्रमा जम्मा गरेमा सस्थाले ७ दिन भित्रमा नामसारी गर्ने व्यवस्था मिलाउनेछ ।

(घ) दाखिला खारेज तथा धितो नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्चहरू सकार गर्ने व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(ङ) लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ ।





(च) अन्य थप जानकारीको लागि सस्थामा सम्पर्क गर्न सक्नुहुनेछ ।

## धितो लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८२/१२/२२ गते**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जा संस्थासँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरि सो को जानकारी गराउदा समेत उक्त कर्जाको साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले संस्थासँग गरेको कर्जा सम्बन्धी शर्तबन्देजहरू उल्लङ्घन गर्नु भएकोले सो कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरू गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैंतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रिय कार्यालय, कर्जा असुली शाखा, चावहिल, चुच्चेपाटी, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| ऋणीको बिवरण | साक्षी/जमानीको बिवरण | धितो बिवरण |
|---|---|---|
| <br>नाम थर : **कमला कुमारी लम्साल**<br>बुबाको नाम : ऋषेश्वर लम्साल<br>बाजेको नाम : धनपती लम्साल<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं.-७ (हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.-६)<br>हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं.-६<br>**ना.प्र.न.१५५४** | नाम थर : **बिनय कुमार भट्ट** <br>बुबाको नाम : ज्ञान प्रसाद भट्ट<br>बाजेको नाम : चेतनाथ भट्ट<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला<br>साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं.-७<br>(हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.-६)<br>हालको ठेगाना :- मकवानपुर जिल्ल हेटौडा उ.म.न.पा. वडा नं.-६<br>**ना.प्र.न.** ३११००९/४३५२८ | **जग्गाधनीको नाम** :<br>**कमला कुमारी लम्साल**<br>**ठेगाना** : मकवानपुर जिल्ला<br>गा.वि.स./न.पाः गढी, वडा नं. ६<br>**किता नं** : ८८९<br>**क्षेत्रफल** : १-१५-३-२ (१०१३।५१ ब.मि) |
| | नाम थर : **बिनोद कुमार भट्ट** <br>बुबाको नामः- ज्ञान प्रसाद भट्ट<br>बाजेको नामः- चेतनाथ भट्ट<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला<br>साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं. ७<br>(हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.६)<br>न.पा. वडा नं.-८, **ना.प्र.न.** ५१/३३९३४ | **जग्गाधनीको नाम थर**:<br>ज्ञान प्रसाद भट्ट<br>**ठेगाना** : मकवालपुर जिल्ला,<br>घोप्टे आमभञ्ज्याङ्ग, वडा नं.: ८<br>**किता नं** : १४४२<br>**क्षेत्रफल** : २-०-०-० (१०१७४८ ब.मि) |
| नाम थर : अमिर बल लामा <br>बुबाको नाम : हर्ष बहादुर बल<br>बाजेको नाम : हरि बहादुर बल<br>स्थायी ठेगाना : पदमपोखरी-८, मकवानपुर<br>हालको ठेगाना : हेटौडा-३, बुट्वल<br>**ना.प्र.न.२३/१७३०६** | नाम थर : **अनिता लामा** <br>बुबाको नाम : पन्च बहादुर भ्लोन<br>बाजेको नाम : धन बहादुर भ्लोन<br>स्थायी ठेगाना : हेटौडा-३, बुट्वल | **जग्गाधनीको नाम थर** :<br>हर्ष बहादुर बल<br>**ठेगाना** : मकवानपुर जिल्ला,<br>गा.वि.स.: साविक पदमपोखरी, वडा नं. ८<br>**किता नं** : ३६६१<br>**क्षेत्रफल** : ०-७-०-० २३७०.४१ ब.मि |
| नाम थर : दिपेश अधिकारी <br>बुबाको नाम : बद्धि प्रसाद अधिकारी<br>बाजेको नाम : ईश्वरी प्रसाद अधिकारी<br>स्थायी ठेगाना : तनहु, पुरकोट-०८<br>हालको ठेगाना : का.जि.का.म.न.पा-१६, न<br>**ना.प्र.न.**४३/०१/७३/०४३२३ | नाम थर : राम चन्द्र अधिकारी<br>बुबाको नाम : ईश्वरी प्रसाद अधिकारी<br>बाजेको नाम : शिव प्रसाद अधिकारी<br>स्थायी ठेगाना : तनहु, पुरकोट-०८<br>हालको ठेगाना : का.जि.का.म.न.पा-१६, नयाँबजार<br>**ना.प्र.न.** ५२१०१ | **जग्गाधनीको नाम थर** :<br>दिपेश अधिकारी<br>**ठेगाना** : काभ्रेपलाञ्चोक<br>गा.वि.स.: साविक खोपासी, वडा नं. ९<br>**किता नं** : ५८९ (क्षेत्रफल २-४-०-०), ३२७ (क्षेत्रफल ०-७-०-१), ३२९ (क्षेत्रफल २-१०-०-०), ३३१ (क्षेत्रफल ०-२-२-२) |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तबन्देजहरू :**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको मूख्य कार्यालय चावहिल, चुच्चेपाटीबाट रु.५००/- तिरी प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रभू बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नंः ११८००७३५३७९०००२२ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको २:३० बजे प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ ।

५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको केन्द्रिय कार्यालय चावहिल, चुच्चेपाटीमा सम्पर्क गर्न सकिने छ ।

६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै ब्यहोर्नु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।

७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

८. बोलपत्र दाखिल भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।

९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।

१०. लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८३/०१/२५ गते बिहीबार**

**समय : अपरान्ह २:३० बजे**

**स्थान : संस्थाको मुख्य कार्यालय, चावहिल, चुच्चेपाटी ।**

**पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमूल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**

**मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं**

**फोन नं ४५६१३२७, ४५६१७५६**

**सदस्य सेवा केन्द्र न्युरोड काठमाडौं**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# 'सस्तो लोकप्रियता' होइन, द्रूत न्याय सम्पादनको खाँचो

**वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीका नाममा ठगी गर्नेहरूको नाम र ठेगाना सार्वजनिक गर्न थालेको छ। पछिल्लो एक महिनामामात्र ३५२ वटा व्यक्तिगत ठगीका जाहेरी पर्नु र चालु आर्थिक वर्षमा अहिलेसम्म नै तीन हजार ६०० भन्दा बढी उजुरी दर्ता हुनुले यो क्षेत्र कति भयावह र असुरक्षित छ भन्ने छर्लंग पार्छ। विभागकी महानिर्देशकले आरोपीहरूको विवरण सार्वजनिक गर्नुलाई 'चेतना फैलाउने' र 'आरोपीलाई दबाब दिने' रणनीतिका रूपमा व्याख्या गरेकी छन्। सूचनाको हक र पारदर्शिताका हिसाबले यो कदम सकारात्मक देखिए पनि ठगी नियन्त्रणका लागि यो केवल एउटा प्रारम्भिक पहलमात्र हो।**

**वैदेशिक रोजगारीमा जाने सोझा नागरिकलाई युरोप वा अन्य आकर्षक मुलुकको प्रलोभन देखाइ लाखौं ठगी गर्ने गिरोह समाजमा जरा गाडेर बसेका छन्। विभागले नाम सार्वजनिक गर्दैमा ठगिएकाहरूको रकम फिर्ता हुने वा दोषीले तुरुन्तै सजाय पाउने सुनिश्चितता हुँदैन। कतिपय अवस्थामा नाम सार्वजनिक हुँदा आरोपी फरार हुने वा प्रमाण नष्ट गर्ने जोखिम पनि रहन्छ। त्यसैले, नाम सार्वजनिक गर्ने कार्यलाई 'सस्तो लोकप्रियता' को साधनमात्र बनाइनु हुँदैन। विभागको मुख्य ध्यान त पीडितलाई छिटोभन्दा छिटो न्याय दिलाउने र ठगिएको रकम ब्याजसहित फिर्ता गराउने संयन्त्रको विकासमा केन्द्रित हुनुपर्छ।**

**अहिलेको सबैभन्दा ठूलो समस्या कानुनी प्रक्रियाको जटिलता र केन्द्रीकृत संरचना हो। थोरै रकम ठगिँदा पनि उजुरी दिन काठमाडौं नै आउनुपर्ने र महिनौंसम्म होटलमा बसेर मुद्दा लड्नुपर्ने बाध्यताले पीडित थप आर्थिक मारमा परेका छन्। विभागले ऐन संशोधनका लागि पठाएको र जिल्ला प्रशासन कार्यालयमार्फत अनुसन्धान अघि बढाउने तयारी गरेको विषय स्वागतयोग्य छ। तर, यसको कार्यान्वयनमा ढिलाइ हुनु हुँदैन। अनुसन्धान प्रक्रियालाई प्रविधिमैत्री बनाउने र अनलाइनबाटै उजुरीको अवस्था हेर्न मिल्नेगरी सफ्टवेयर निर्माण गर्ने कामलाई युद्धस्तरमा अघि बढाउनुपर्छ।**

**ठगी गर्नेहरूको नाम सार्वजनिक गर्नु एउटा प्रतीकात्मक कारबाही हो, तर पूर्ण समाधान होइन। विभागले केवल विवरण सार्वजनिक गरेर आफ्नो जिम्मेवारी पूरा भएको ठान्नु हुँदैन। जबसम्म ठगहरूले कानुनी कठघरामा उभिनुपर्दैन र पीडितले आफ्नो पसिनाको कमाइ फिर्ता पाउँदैनन्, तबसम्म यस्ता प्रयासहरूको सार्थकता रहँदैन। प्रभावकारी अनुसन्धान, द्रुत न्याय सम्पादन र दोषीलाई कडा कानुनी सजाय नै वैदेशिक रोजगारीको ठगी रोक्ने एकमात्र दिगो उपाय हो। सरकारले म्यानपावर कम्पनी र व्यक्तिगत एजेन्टहरूको सूक्ष्म निगरानी गर्दै श्रमिकमैत्री वातावरण निर्माणमा दृढता देखाउनुपर्छ।**

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ। यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ। बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन्। जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन्।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन्। यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ। योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ। त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ। त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ। कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ। एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ। वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन। अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ। कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ।

# नयाँ संसद्, नयाँ 'एजेण्डा' र अपेक्षा



एकराज पाठक

> नाराबाजी तथा सानातिना दलीय मागहरूमा पनि संसद् अवरुद्ध गर्नेजस्ता कारण हिजोका दिनमा संसद्प्रति जनताको धारणा सकारात्मक छैन। यसलाई चिर्नका लागि पनि आगामी संसद् अधिवेशनले जनअपेक्षाअनुसार काम गरेर संसद्प्रति जनविश्वास आर्जन गर्ने र मजबुत बनाउने काममा ठूलो योगदान दिन सक्दछ। हालको संसद्मा जसरी युवा र सिर्जनशील उमेर समूहकाहरूको बाहुल्यता छ, ठीक त्यसैगरी सिर्जनात्मक काम गर्न सक्यो भने नेपालको संसदीय मूल्यमान्यतामा यो संसद्को कामकारबाही नयाँ मानक पनि बन्नसक्छ।

लोकतान्त्रिक प्रणालीमा संसद् कानुन बनाउने थलो हो, तर यतिमात्र सैद्धान्तिक परिधिभित्र संसद्को भूमिकालाई सीमित गरिनु हुँदैन। किनभने संसद् जनआकांक्षाको प्रतिनिधित्व गर्ने संस्था पनि हो। संसद्ले नै मुलुकको कार्यकारिणी सरकार निर्माण गर्दछ र त्यही सरकारले देश र जनताका लागि काम गर्छ। यसकारण मुलुकको संसद् र सरकार दुवैले जनताको आशा, अपेक्षा र आकांक्षाको प्रतिनिधित्व गर्नुपर्दछ।

हालै सम्पन्न निर्वाचनमार्फत प्रतिनिधिसभामा उल्लेख्य संख्यामा युवा तथा नयाँ अनुहार जनताका प्रतिनिधिका रूपमा छानिएका छन्। विगतको संसद्मा प्रतिनिधित्व गर्ने अनुहारसँग तुलना गर्ने हो भने हालको प्रतिनिधित्व खासमा नाति पुस्तामा सरेको छ। केही दिनअघि संसद्का ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसदहरूलाई शपथ गराइरहेको दृश्यबाट त्यस्तै देखिन्थ्यो। यो नयाँ ऊर्जा, नयाँ सोच र नवीन 'एजेण्डा' बोकेको उमेर पनि हो र यसले जनताको भावना र चाहनाको पनि प्रतिनिधित्व गर्दछ।

नयाँ जनादेशसहित अब बस्न लागेको संसद्को अधिवेशन केवल औपचारिक बैठकमामात्र सीमित नभएर देशको दिशा निर्धारण गर्ने एउटा महत्त्वपूर्ण अवसर पनि हो। युवा सांसदहरूको उपस्थितिले यो अधिवेशन अझ परिणाममुखी, उत्तरदायी र जनमुखी हुनुपर्छ।

सुशासनको स्थापना र भ्रष्टाचार नियन्त्रण वर्तमान सरकार र संसद्को पहिलो प्राथमिकता हो। हुन त यो यसअघिका सरकार र संसद्को पनि प्राथमिकताकै विषय हो, तर हिजो ती प्राथमिकता केवल भाषणमा सीमित रहे। त्यसै कारण परिणाम पनि निस्किएन। वर्तमान संसद् र सरकार जेन-जी आन्दोलनको पृष्ठभूमिमा बनेको हो। सो आन्दोलनको पहिलो र प्राथमिक 'एजेण्डा' भनेकै सुशासन र भ्रष्टाचारको अन्त्य हो। यसकारण पनि भ्रष्टाचारविरुद्ध कडा नीति, कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयनका उपायहरू यो संसद्ले तय गर्नुपर्छ।

सार्वजनिक निकायहरूको पारदर्शिता बढाउने र जिम्मेवार बनाउने विषयमा संसद्ले ठोस भूमिका खेल्नुपर्छ। संसद् सबै राजनीतिक दलहरूका आवाज र योजना मुखरित हुने थलो हो। विपक्षी दलहरूले अघि सार्ने योजना र उनीहरूले राख्ने गुनासा पनि पहिले संसद्मै आउँछन् र संसद्को बाटो भएरै सरकारसमक्ष पुग्ने गर्दछन्। यसकारण पनि यस विषयमा संसद् अझ बढी जागरुक र चनाखो हुनुपर्ने अवस्था छ।

यो उद्देश्य प्राप्तिका लागि सबैभन्दा पहिले नयाँ संसद्ले जनताको विश्वास जित्न पारदर्शिता र उत्तरदायित्वमा ध्यान दिनुपर्दछ। हिजोका दिनमा संसद्प्रतिको जनताको बुझाइ र भोगाइमा समय भयो, जसकारण मुलुकमा राजनीतिक स्थिरता छैन। नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले स्पष्टमात्र होइन दुईतिहाइ नजिकको जनमत हासिल गरेकाले यो जनमतको सम्मान गर्दै हिजोका दिनमा संसद्भित्र देखिने गरेका दलहरूबीचका शक्ति संघर्ष एवं संसद्कै गरिमा घटाउने खालका क्रियाकलापहरू हुन दिने छैन। यसकारण राष्ट्रिय हितका मुद्दाहरूमा संसद्ले साझा समझदारी कायम गर्दै सहकार्यको संस्कृति विकास गर्ने अपेक्षा छ। बहस र आलोचना त संसद्मा हुन्छ नै, त्यो पनि आवश्यकताको सिद्धान्तका आधारमा होस् र विकास र समृद्धिको मार्गमा संसदीय कारबाही अघि बढोस् भन्ने आशा सबै नेपाली जनताले राखेका छन्।

हिजोका दिनमा सांसदहरूले जनतासँगको सम्बन्धलाई सुमधुर बनाउन सकेनन्। उनीहरू चुनाव जितेर राजधानी फर्किएपछि प्रायः गाउँ फर्किएनन्। यो कसैप्रतिको आरोप नभएर प्रतिनिधिसभाको गत निर्वाचनमा जनताले नै मत माग्न जाने उम्मेदवारहरूसँग गरेको गुनासो हो। वर्तमान संसद्का प्रतिनिधिहरूले कम्तीमा पनि आफ्ना मतदाताको आवाज बन्नुपर्ने दायित्वलाई नभुलून् र नियमितरूपमा जनतासँग संवाद गरी समाधानका प्रयास गरून्। यो जनताको अपेक्षा हो र यसले लोकतन्त्रलाई अझ सशक्त पनि बनाउने छ।

विकास निर्माण होस् या अन्य कुनै अग्रगामी योजना तर्जुमा, सबैभन्दा जटिलता र समस्या देखाउने गरिएको विषय कानुनको अभाव हो। धेरै काम कानुनको अभावले रोकिएका र कतिपय योजनाको ढिलाइमा कानुन नै बाधक देखिने गरेको विगतमा धेरै सुनिएको हो। यसकारण पनि यी सबै बाधा-व्यावधानहरूको अध्ययन गरी प्रभावकारी कानुन निर्माण संसद्को यो अधिवेशनको प्राथमिकतामा पर्नुपर्दछ। यो अधिवेशनले जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित कानुनहरूलाई प्राथमिकता दिनुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि र सुशासनका क्षेत्रमा सुधार ल्याउने विधेयकहरू ल्याएर छिटो पारित गर्नुपर्ने आवश्यकता छ।

सरकारको कामको निगरानी त संसद्को मुख्य काम हो नै। संसद्ले नै सरकारलाई कामयाबी र जवाफदेही बनाउनुपर्दछ। मन्त्रीहरूलाई कामका विषयहरूमा प्रश्न गर्ने, कामको प्रगति माग्ने र समीक्षा गर्ने अनि आवश्यक निर्देशन दिने कार्य पनि संसद्को हो। त्यसैले यस काममा पनि संसद् सक्रिय हुनु जरुरी छ।

यसैगरी, आर्थिक विकास र बजेट तयारीको दिशामा पनि यो संसद् थप सक्रिय हुनुपर्दछ। खासमा सरकारले सुशासन र विकासका कामहरू दिने र सेवाको 'डेलिभरी' दिने काम बजेटमार्फत संसद् विपक्षीहरूको सत्ता हो भनिन्छ। विपक्षी दलहरूले आफ्ना कुरा सदनमै राख्छन् र सरकारको ध्यानाकर्षण गराउँछन्। सरकारले पनि विपक्षीहरूको मागको तथा जनताका आवाजको जवाफ सदनमै दिनुपर्दछ। त्यसैले दलहरूबीच सहकार्यको भावना विकास गर्दै राष्ट्रिय हितका मुद्दामा एकजुट भएर काम गर्न यो संसद्को अभिभारा गहन हुन आउँछ। विगतमा संसद् अवरोधको शृंखला हामीले निकै लामो देख्दै आएका छौं। संसद् अवरोध हुने बहाना विपक्षीहरूले खोजी नै रहेका हुन्छन्। यसलाई पनि सरकारले समयमै सम्बोधन गर्नुपर्दछ।

संसद्लाई सिधै जनतासँग जोड्नका लागि संवाद र सहकार्य जरुरी छ। सरकारले पनि संसद्लाई बिजनेस दिनुपर्ने हुन्छ अनि संसद्ले सरकारसँगको समन्वयलाई प्रभावकारी बनाउनुपर्दछ। संसद्मा मन्त्रीको उपस्थिति जरुरी छ र आफ्नो मन्त्रालयका बारेमा संसद्मा उठेका प्रश्नहरूको जवाफ पनि मन्त्रीहरूले त्यहीँ नै दिँदा प्रभावकारी हुन्छ। यसका लागि अधिवेशनका छलफलहरू पनि जनताले चासो राख्ने र जनजीविकासँग जोडिने विषयमा केन्द्रित हुनुपर्छ। सांसदहरूले आफ्ना निर्वाचन क्षेत्रका मुद्दाहरू उठाउने र समाधान खोज्ने प्रयास यही थलोबाट गर्नुपर्छ। अन्यथा यो संसद् पनि हिजोका जस्तो निस्प्रभावी र जनताको आकर्षण हुन नसकेको संसद्का रूपमा हुन आउने छ।

संसद् केवल नीति र कानुन बनाउनेमात्र होइन, तिनको प्रभावकारी कार्यान्वयन भए/नभएको अनुगमन गर्ने पनि निकाय हो। यस कार्यका लागि प्रभावकारी संसदीय संयन्त्र आवश्यक छ र त्यसैका आधारमा संसद्को कामकारबाहीका साथै संसद्ले निर्माण गरेका कानुन, नीति नियमहरूको कार्यान्वयनको अवस्थालाई बलियो बनाउनुपर्दछ।

यसरी यो संसद् अधिवेशनले खासमा काम गर्ने संसद् एवं कामयाबी संसद्को सन्देश दिन सक्नुपर्दछ। यसले थोरै बहस र धेरै परिणामलाई प्राथमिकतामा राख्नुपर्छ। जस्तो कि बजेट छलफलका क्रममा आउने एक रूपैयाँ घटाइयोस् भन्नेजस्ता प्रस्तावहरूमा दिनहुँ छलफल हुने, तर पछि त्यो प्रस्ताव फेल हुनेजस्ता नाटकीय कार्यसूचीमा अल्मलिएर समय बर्बाद गर्नेजस्ता काम यो संसद्मा हुनुहुँदैन।

यस्तै कामहरूका साथै नाराबाजी तथा सानातिना दलीय मागहरूमा पनि संसद् अवरुद्ध गर्नेजस्ता कारण हिजोका दिनमा संसद्प्रति जनताको धारणा सकारात्मक छैन। यसलाई चिर्नका लागि पनि आगामी संसद् अधिवेशनले जनअपेक्षाअनुसार काम गरेर संसद्प्रति जनविश्वास आर्जन गर्ने र मजबुत बनाउने काममा ठूलो योगदान दिन



व्यापक परिवर्तन ल्याउनु जरुरी छ। विगतको त्यो निराशा र अविश्वासलाई चिर्न संसद्ले आफ्नो भूमिकालाई गम्भीरतापूर्वक निर्वाह गर्दै प्रत्येक निर्णय र गतिविधि जनउत्तरदायी र जनमुखी बनाउन आवश्यक छ। संसद्का छलफलहरू पनि केवल संसदीय व्यवस्थाको निरन्तरता र शब्दजालले भरिएका लम्बेतान बहसमात्र नभएर सार्थक, तथ्यपरक र जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयमा केन्द्रित हुनु जरुरी छ।

जनतालाई दिनुपर्ने 'डेलिभरी'का विषमा केन्द्रित नीति तथा कानुन निर्माण अबको संसद्को मुख्य आकर्षण हुने छ। यस विषयमा यो संसद्ले नवीनता र व्यावहारिकता थप्ने अपेक्षा जनताको छ। युवा सांसदहरूको आगमनले सूचना प्रविधिको विकास, नवप्रवर्तनसहितको उद्यमशीलता, रोजगारी सिर्जना, शिक्षामा सुधार, स्वास्थ्य सेवाको विस्तार जस्ता क्षेत्रमा नयाँ सोचले प्रवेश पाउने अपेक्षा छ। देशका विद्यमान समस्या जस्तै बेरोजगारी, गरिबी, भ्रष्टाचार र असमानताको समाधानतर्फ केन्द्रित एजेण्डा पनि संसद्ले सुरुमै तय गर्नुपर्दछ।

संसद्मा एउटै पार्टीको बहुमत नरहेको धेरै गर्नुपर्ने हुन्छ। यसकारण देशको आर्थिक अवस्था सुधार गर्न दीर्घकालीन योजना, लगानीमैत्री वातावरण, रोजगारी सिर्जना र उत्पादन वृद्धिमा केन्द्रित छलफललाई संसद्ले थप सिर्जनात्मक र प्रभावकारी बनाउनुपर्ने हुन्छ। यो पनि वर्तमान संसद्को आगामी बजेटका लागि एक प्रकारको स्पष्ट मार्गदर्शन हो।

कतिपय पुराना राम्रा योजना तथा कार्यक्रमलाई निरन्तरता दिए पनि यो सरकारले कामको 'मोडालिटी' भने नयाँ नै प्रस्तुत गर्नुपर्ने छ। युवामैत्री र नवीन एजेण्डा नै वर्तमान सरकारले अघि बढाउनुपर्दछ। यसका लागि आवश्यक पर्ने नियम, कानुनमा यो संसद्ले ध्यान दिनुपर्ने हुन्छ। नयाँ सांसदहरूले 'स्टार्टअप', 'डिजिटल' अर्थतन्त्र, प्रविधि, नवप्रवर्तन जस्ता विषयमा विशेष प्राथमिकता दिनुपर्छ र यसका लागि आवश्यक कानुन निर्माणमा जुट्नुपर्दछ। खासमा यसले नै मुलुकलाई आधुनिक विकासतर्फ अघि बढाउन मद्दत गर्ने छ।

राष्ट्रिय एकताका साथै मुलुकको निकासका लागि आवश्यक पर्ने सहकार्यको वातावरण निर्माण गर्ने थलो संसद् हो। संसदीय प्रजातन्त्रमा सक्दछ। हालको संसद्मा जसरी युवा र सिर्जनशील उमेर समूहकाहरूको बाहुल्यता छ, ठीक त्यसैगरी सिर्जनात्मक काम गर्न सक्यो भने नेपालको संसदीय मूल्यमान्यतामा यो संसद्को कामकारबाही नयाँ मानक पनि बन्नसक्छ।

यदि यसो हुन सक्यो भने अबको संसद्ले दीर्घकालीन दृष्टिकोणका साथ देशको समृद्धि र सुशासनतर्फ मुलुकलाई मार्गनिर्देश गर्न सक्दछ। नयाँ पुस्ताको नेतृत्वले पुराना कमजोरीहरूलाई सुधार्दै सकारात्मक परिवर्तनको उदाहरण प्रस्तुत गर्न सकेमा मुलुकको यो संसद् साँच्चिकै नयाँ सोच, नयाँ 'एजेण्डा' र नयाँ दिशा बोकेको संस्थाका रूपमा सुपरिचित र स्थापित हुने छ। यसका लागि नयाँ सांसदहरूको ऊर्जा, प्रतिबद्धता र जनमुखी कार्यशैली आवश्यक छ। संसद्लाई प्रभावकारी, विश्वासिलो र परिणाममुखी बनाउन अबको संसद् हिजोको जस्तो निरर्थक बहसमात्र गर्ने नभई देश र जनताको जीवनमा वास्तविक परिवर्तन ल्याउने दिशामा अघि बढ्न सक्दछ। बिहीबारदेखि सुरु भएको संसद् अधिवेशनबाट नेपाली जनताले यही अपेक्षा गरिरहेका छन्। *रासस*



**हनुमान जन्मोत्सवमा शोभायात्रा** | हनुमान जन्मोत्सवको अवसरमा शनिबार वीरगञ्जमा निकालिएको शोभायात्रा। वीरगञ्जको घण्टाघरबाट सुरु भएको शोभायात्रामा हजारौं भक्तजन सहभागी भएका छन्। *तस्बिरः रासस*

# अतिरिक्त कक्षा सञ्चालनपछि अतिविपन्न दलित बालबालिकाका लाभान्वित

**कञ्चनपुर–** यहाँको शुक्लाफाँटा नगरपालिका-१० झलारीस्थित श्रीकृष्ण माध्यमिक विद्यालयको आधारभूत तहमा अध्ययनरत अतिविपन्न दलित परिवारका बालबालिकाका लागि अंग्रेजी माध्यमको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ। त्यस्ता बालबालिकाको सिकाइ सुधारका लागि वडा कार्यालयको सहयोगमा कक्षा सञ्चालन गरिएको हो।

हाल यहाँ कक्षा १ देखि ३ सम्म अध्ययनरत ६६ जना दलित तथा अतिविपन्न परिवारका बालबालिकालाई समेटेर अतिरिक्त कक्षा सञ्चालन गरिरहेको वडाध्यक्ष लालबहादुर ऐरले जानकारी दिए। उनका अनुसार आर्थिक अवस्था कमजोर भएका परिवारका अभिभावक मजदुरीका लागि अन्यत्र जाने र बालबालिकालाई पनि सँगै लैजाने गरेका कारण धेरै बालबालिकाले विद्यालय छाड्ने अवस्था छ।

केही महिना मजदुरी गरेर फर्किएपछि बालबालिकाको सिकाइ सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन गरिएको उनले बताए। 'अभिभावक मजदुरीका लागि बाहिर जाँदा बालबालिका पनि सँगै जाने र विद्यालय छोड्ने अवस्था छ। पुनः विद्यालयमा फर्किंदा कोर्श पढाइ धेरै अगाडि बढिसकेको हुन्थ्यो। हामीले त्यसको पूर्ति गर्न अतिरिक्त कक्षा सञ्चालन गरेका हौं,' वडाध्यक्ष ऐरले भने।

हाल कक्षा ३ सम्मका बालबालिकाका लागि विद्यालयका दक्ष शिक्षकको व्यवस्था गरी पठनपाठन गरिएको र आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई समेटेर कार्यक्रम विस्तार गर्ने योजना रहेको वडा कार्यालयले जनाएको छ। हाल अतिरिक्त कक्षा सञ्चालनका लागि वडा कार्यालयले रु चार लाख



विनियोजन गरेको छ।

दलित समुदायका बालबालिका विद्यालय समयमा नियमित र त्यसपछि अतिरिक्त कक्षामा थप अध्ययन गर्ने व्यवस्था गरिएको छ। त्यस्ता बालबालिकाका लागि वडाबाट वर्षभरि पुग्ने शैक्षिक सामग्री, अंग्रेजी विषयका पाठ्यपुस्तक, झोला, पोसाक, ट्र्याकसुट, जुत्ता, मोजालगायत सामग्री उपलब्ध गराइएको वडाध्यक्ष ऐरले जानकारी दिए।

विद्यालयका शिक्षक भरतबहादुर ऐरका अनुसार बालबालिकालाई दुईवटा कक्षामा विभाजन गरेर पठनपाठन गरिँदै आएको छ। अतिरिक्त कक्षा सञ्चालन भएपछि बालबालिकाको पढाइमा उल्लेखनीय सुधार देखिएको उनले बताए। 'पहिले धेरै बालबालिका पढाइमा कमजोर थिए, विद्यालय पनि नियमित आउँदैनथे,' ऐरले भने, 'हाल बालबालिका नियमित विद्यालय आउन थालेका छन् र पढाइमा पनि सुधार भइरहेको छ।'

यस कार्यक्रमले विद्यालयमा घट्दै गएको विद्यार्थी संख्या बढाउन पनि सहयोग पुगेको विद्यालय प्रशासनले जनाएको छ। वडा कार्यालयले आगामी दिनमा अझ प्रभावकारीरूपमा दलित तथा अतिविपन्न बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने योजना बनाएको छ। विद्यालयमा छात्रावास निर्माण कार्य पूरा भएपछि अतिविपन्न दलित बालबालिकालाई छनोट गरी आवासीय रूपमा राखेर पढाइ गराउने योजना रहेको वडाध्यक्ष ऐरले बताए।

'छात्रावास बनेपछि टाढाका र अतिविपन्न परिवारका बालबालिकालाई आवासीयरूपमा राखेर पढाउने योजना छ,' उनले भने, 'वडा कार्यालयले विपन्न बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउन अभिभावक बनेर काम गरिरहेको छ र आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने छ।'

वडास्तरबाट लक्षित वर्गका बालबालिकाका लागि सञ्चालन गरिएको यस्तो कार्यक्रमले शिक्षामा पहुँच विस्तार, विद्यालय छाड्ने दर घटाउने र शैक्षिक गुणस्तर सुधार गर्ने अपेक्षा गरिएको छ। आर्थिक अभावका कारण पढाइबाट वञ्चित हुने अवस्थामा रहेका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको यस्तो कार्यक्रमले स्थानीय अभिभावक पनि खुसी छन्। 'यस कार्यक्रमले विशेषगरी दलित तथा अतिविपन्न परिवारका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ,' दलित अधिकारकर्मी सिवी लुहारले भने, 'कक्षा अनुगमन गर्दा बालबालिकाको नियमितता, पढाइप्रति रुचि र शैक्षिक उपलब्धिमा सुधार पाएका छौं।' *रासस*

# पीडादेखि समाज परिवर्तनको अभियानसम्म, 'बिर्सिएका नानीहरू'



■ **अञ्जली थापा**

**हेटौंडा–** जन्मिँदा त कृष्णजस्तै सुन्दर बाबु भनेर सबैले काखमा बोके, माया गरे... तर आज ऊ नौ वर्ष पुग्दा कसैले उसको हालखबर सोध्दैनन्। स्वस्थ र राम्रो छोरा पायौं नि भनेर बधाइ दिने आफन्त र छिमेकीहरू आज उनको घर आउँदा छोराले 'चकचक' गरेको मात्र सम्झिन्छन्, तर उसलाई समाजको सदस्यका रूपमा स्वीकार गर्न तयार छैनन्।

हेटौंडाका आरम्भ थपलियाको यो पीडा एउटा परिवारको मात्र कथा होइन, समाजले बिर्सिएका धेरै अटिजम भएका बालबालिकाको प्रतिनिधि कथा हो। आरम्भ जन्मिँदा परिवारमा खुसी छाएको थियो। पहिलो सन्तान, त्यसमा पनि स्वस्थ र सुन्दर देखिने बालक, सबैका आशा र सपना उसमै जोडिएका थिए। तर समयसँगै अवस्था बदलिँदै गयो। ऊ ठूलो हुँदै जाँदा व्यवहारमा फरकपन देखिन थाल्यो- बोलाउँदा नफर्किने, आफ्नै दुनियाँमा हराउने, अरूसँग घुलमिल नगर्ने। 'कतै लैजाँदा चकचक गर्छ भनेर लैजानै छाडियो, अनि आफन्तले पनि टाढा हुन थाले,' आरम्भकी आमा अस्मिता कालिका भन्छिन्।

तीन दिदीहरूको सन्तान हुर्किएको देखिसकेकी अस्मितालाई बालकको विकासक्रमबारे सामान्य जानकारी थियो। त्यसैले आफ्नै सन्तानमा उमेरअनुसारको व्यवहार नदेखिँदा उनको मनले केही फरक महसुस गरिरहेको थियो। तर आत्माले त्यो सत्य स्वीकार्न मानेन। 'कोही बच्चा ढिलो बोल्छन्,' भन्ने सोचले केही समय सान्त्वना दियो। तर जब १८ महिनासम्म पनि बच्चाले बोल्न सकेन, चाहेको कुरा व्यक्त गर्न सकेन र प्रतिक्रिया दिन गाह्रो भयो, त्यसपछि उनले चिकित्सकको सहयोग लिइन्। जाँचपछि आएको निष्कर्ष थियो, अटिजम। त्यो शब्दसँगै अस्मिताको संसार एकाएक भत्कियो।

'स्वीकार गर्न पाँच वर्ष लाग्यो,' उनी सम्झिन्छिन्, 'पहिलो सन्तान, ठूला सपना... कसरी मान्ने ?' विवाहपछि सुखी परिवारको सपना देखेकी उनका लागि छोरा जन्मिनु जीवनको सबैभन्दा ठूलो खुसी थियो। तर दुई वर्ष नबित्दै त्यो खुसी चिन्ता र अन्योलमा बदलियो। काठमाडौंका अस्पतालदेखि विभिन्न विशेषज्ञसम्म धाइन्।

'म स्वीकार गर्न तयार थिइनँ, त्यसैले धेरै अस्पताल धाएँ,' उनले भनिन्। तर जब सबै ठाउँबाट एउटै उत्तर आयो, उनी बाध्य भएर वास्तविकता स्वीकार गरिन्। त्यसपछि उनको जीवनको दिशा नै बदलियो। उनले अटिजमबारे गहिरो अध्ययन गर्न थालिन्। किताब पढिन्, भिडियो हेरिन्, तालिम लिइन्। आफ्नो बच्चालाई कसरी सहयोग गर्ने भन्ने सिक्दै गइन्।

उसो त माइतमा तीन दिदीहरूकी कान्छी बहिनी उनले दिदीहरूको छ जना सन्तान हुर्किएको देखिसकेकीले उमेरसँगै आउने परिवर्तनको बारेमा जानकार नै थिइन्। उनलाई आमाको नजरबाट यो स्वीकार्न भने असहज भएको थियो। उनको कठिन यात्रामा सबैभन्दा गाह्रो कुरा समाजसँग जुध्नु थियो। 'जहाँ गए पनि बच्चाबारे प्रश्न आउँथ्यो, कसैले बुझ्न खोजेन,' उनी भन्छिन्, 'त्यसैले भेटघाट गर्न मन लागेन।'

कोरोना महामारीको समयमा उनी हेटौंडा फर्किइन्। त्यही बेला उनले आफूजस्तै पीडामा रहेका अन्य दुई आमासँग भेट गरिन्। साझा पीडाले उनीहरूलाई जोड्यो। तीन जनाले आफ्नै घरको सानो कोठाबाट अटिजम भएका बालबालिकाका लागि कक्षा सुरु गरेको उनको भनाइ छ। सुरुमा स्रोतसाधन थिएन, तालिम सीमित थियो, तर मनमा दृढता थियो।

त्यो सानो प्रयास आज 'सेन्टर फर अटिजम मकवानपुर'का रूपमा विकास भएको छ। यहाँ अहिले २४ जना बालबालिका नियमित रूपमा सिकिरहेका छन्। चार जना बालबालिका सुधार भएर सामान्य विद्यालयसम्म पुगिसकेका छन्।

अस्मिताको सपना अब आफ्नै सन्तानमा सीमित छैन। 'अटिजम रोग होइन, विशेष अवस्था हो। सही सहयोग पाए यी बच्चाहरूले पनि आफ्नो क्षमता देखाउन सक्छन्,' उनी भन्छिन्। उनले अहिले अटिजमसम्बन्धी थप अध्ययनसमेत गरिरहेकी छन्, ताकि भविष्यमा अझ धेरै अभिभावकलाई सहयोग गर्न सकियोस्।

यस्तै अनुभव हेटौंडाकी उमाकुमारी पौडेल र निस्ला श्रेष्ठको पनि छ। सुरुमा उनीहरूले पनि आफ्ना सन्तानको अवस्था स्वीकार गर्न सकेनन्। समाजको डर, जानकारीको अभाव र भविष्यको चिन्ताले उनीहरूलाई झन अन्योलमा पारेको थियो। तर तालिम र अध्ययनपछि उनीहरूले अटिजमलाई बुझ्न थाले।

अटिजम भएका बालबालिकामा आँखा नजुधाउने, एक्लै बस्न मन पराउने, बोलेर अभिव्यक्त गर्न नसक्ने, अरूसँग घुलमिल हुन गाह्रो हुनेजस्ता लक्षण देखिन्छन्। उनीहरूलाई विशेष हेरचाह, स्पिच थेरापी, अकुपेसनल थेरापी, व्यावहारिक तालिम र निरन्तर मनोसामाजिक सहयोग आवश्यक पर्छ। चिकित्सकका अनुसार 'जिन' मा हुने परिवर्तन, स्नायु प्रणालीको विकासमा समस्या, गर्भावस्थामा हुने केही असर वा जन्मका बेला हुने जटिलताले अटिजम देखिन सक्छ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालमा चार हजार ८८६ जनामा अटिजम देखिएको छ। बागमती प्रदेशमामात्र एक हजार २५३ जना छन्। पछिल्लो तथ्यांकअनुसार हरेक ३६ जना बच्चामध्ये एक जनामा अटिजम देखिन थालेको छ। तर तथ्यांकभन्दा ठूलो समस्या समाजको दृष्टिकोण हो। अटिजम भएका बालबालिका बाहिरबाट सामान्य देखिने भएकाले उनीहरूको पीडा देखिँदैन। फलतः उनीहरूलाई बेवास्ता गरिन्छ, परिवारलाई एक्लो बनाइन्छ। अस्मिता भन्छिन्, 'यदि समाजले स्वीकार गरिदियो भने हाम्रो आधा पीडा त्यतिकै कम हुन्छ।' *रासस*

# ज्येष्ठ नागरिक र अपांगता भएकालाई घरदैलोमै स्वास्थ्य सेवा

**टीकापुर–** कैलालीको टीकापुर नगरपालिकाले ज्येष्ठ नागरिक र अपांगता भएका नागरिकलाई घरदैलोमै सेवा दिन सुरु गरेको छ।

पालिकाले यही चैत महिनादेखि हरेक वडामा दुई/दुई जना स्वास्थ्यकर्मी परिचालन गरेर समुदायमा रहेका ७० वर्षमाथिका ज्येष्ठ नागरिक, अशक्त र अपांगता भएकाहरूको स्वास्थ्य परीक्षण घरमै गएर गर्न थालेको हो। सेवाअन्तर्गत स्वास्थ्यकर्मीले घरमै पुगेर स्वास्थ्य परीक्षण, रोग पहिचान, उपचार तथा परामर्श, आवश्यक औषधिहरू निःशुल्क वितरणजस्ता कार्य गर्न थालेका टीकापुर नगरपालिका जनस्वास्थ्य निरीक्षक केवलसिंह सार्कीले बताए। उनका अनुसार ज्येष्ठ नागरिक, अशक्त, अपांगता भएका व्यक्ति घरदैलो स्वास्थ्य सेवा कार्यक्रमअन्तर्गत पालिकाका स्वास्थ्यकर्मीले हरेक महिना चार दिन समुदायमा घरघरमै सेवा दिने कार्यतालिका तयार गरिएको छ।

'घरमा पुगेर दीर्घरोग, उच्च रक्तचाप तथा मधुमेहलगायतको जाँच तथा अनुगमन गर्न थालिएको छ,' जनस्वास्थ्य निरीक्षक सार्कीले भने, 'पोषण सरसफाइ तथा जीवनशैलीसम्बन्धी परामर्शसमेत दिन थालिएको छ।'

घरमै सेवा पाएपछि ज्येष्ठ नागरिक र अपांगता भएकाहरू खुसी भएका छन्। वडा नं २ विजयनगरका ज्येष्ठ नागरिक मासुलाल चौधरीले स्वास्थ्यकर्मी घरमै आएर सेवा दिँदा खुसी लागेको बताए। 'उच्च रक्तचापको समस्या भएको म अस्पताल नियमित औषधि लिन जान नसक्दा बीचमा औषधि छोडेको थिए, स्वास्थ्यकर्मी आएर घरमै उपलब्ध गराएपछि अब नियमित खान्छु,' उनले भने, 'हामी शारीरिकरूपमा कमजोर, त्यसैमाथि दीर्घरोगले थलिएका छौं। हामीलाई अस्पतालमा लाइनमा बस्नुपर्दा गाह्रो हुन्छ। घरमै सेवा पाउँदा सहज हुन्छ।'

अर्का ज्येष्ठ नागरिक पुनसराम चौधरी क्षयरोगका बिरामी छन्। उनले नियमित क्षयरोगको औषधि खाइरहेका छन्। घरमै गएर स्वास्थ्य परीक्षण गराएको र खानपान, रहनसहनबारे परामर्श सेवा पाएको पुनसरामले बताए।

स्वास्थ्यकर्मी लक्ष्मीनारायण पोखरेलले घरदैलोमै स्वास्थ्य सेवा दिँदा बिरामीको समय र खर्च बचत भएको, घरमै सेवा पाउँदा ज्येष्ठ नागरिक र अपांगता भएकाहरूले सुरक्षित र सम्मानित महसुस गरेको बताए। 'दीर्घरोगीलाई नियमित जाँच, औषधि र परामर्श चाहिन्छ,' उनले भने, 'घरमै गएर सेवा दिँदा उनीहरूको स्याहारमा पारिवारिक सहयोग वृद्धि हुन्छ। हामीले सरसफाइ र हेरचाह गर्ने तरिकाबारे पनि परामर्श दिने गरेका छौं।' घरदैलो सेवालाई कार्यविधि बनाएर नियमित सञ्चालन गर्ने पालिकाको योजना रहेको छ। *रासस*


**गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
धुम्बाराही, चण्डोल काठमाडौं
फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६

**कर्जा चुक्ता गर्ने सम्बन्धित ७ दिने अत्यन्त जरूरी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१६ गते**
**दोस्रो पटक प्रकाशित मितिः २०८२/१२/०१ गते**
**तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/२२ गते**

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यले मिति २०७५/०१/२५ गतेको कर्जा नं. HPL 634 र २०७६/१०/१५ गतेको कर्जा नं. HPL 677 को हायर पर्चेज ऋण (कर्जा) शिर्षक अन्तर्गत ऋण लिँदा संस्थासंग गरेको सर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने साँवा, व्याज लगायतका रकमहरु नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी सर्त बन्देजहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा ताकेता गर्दा समेत नतिरी, नबुझाई संस्थाको कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा ऋण (कर्जा) चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएकोले मितिले ७ दिन भित्र संस्थामा तिर्न बुझाउनु पर्ने ऋण र सोसँग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नुहोला। सूचनामा तोकिएको म्याद भित्र संस्थालाई तिर्न बुझाउनु पर्ने सावाँ, व्याज, हर्जना लगाएतका रकम नबुझाएमा सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको ऋण नीति २०७९ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको तपसिलको सवारी साधन लिलाम बिक्रीबाट असुल उपर गरिने छ सो बाट असुल उपर हुन नसकेको रकम तपाई ऋणी र जमानीको अन्य चल अचल श्री सम्पत्तिबाट सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। अन्य थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला।

**तपसिल**

| ऋणीको विवरण | ऋणीको फोटो | जमानीकर्ता | धितोको विवरण |
|---|---|---|---|
| **नामः मनोज चौधरी**<br>बाबुः महेन्द्र चौधरी<br>बाजेः काली चौधरी<br>ठेगानाः सर्लैही जिल्ला साविक पीडरिया गा.वि.स वडा न.पा.४ हाल परिवर्तित कविलासी गा.पा २<br>हालको ठेगानाः का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं. ५ नयाबस्ती<br>ना.प्र.नं.१९३०६२/४८ सर्लाही<br>जारी मितिः २०६३/१२/२१ |  | **नामः जीतेन्द्र चौधरी**<br>ठेगानाः सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा. ४ परिवर्तित कविलासी गा.पा.२ | MAHINDRA MAHINDRA BOLERO CAMPER<br>सेतो रङ भएको गाडी नं. बा ९ च ७५४८<br>इन्जिन नं.GGCLC85358<br>च्यासिस नं. MA12C4GGAC1C24129 |
| | | **नामः मनोज कुमार चौधरी**<br>ठेगानाः सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा.५ हाल परिवर्तित कविलासी गा.पा १<br>हालको ठेगानाः का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं.५ नयाँबस्ती | MAHINDRA MAHINDRA PICKUP<br>इन्जिन नं.GHD1G44607<br>च्यासिस नं. MA1ZL4GHK1G55418<br>गाडी नं. बा 10 च 9971<br>बनेको सालः 2013 |

# प्रभाव दैनिक

आइतबार, २२ चैत २०८२ (Sunday, 05 April 2026)





### कलाकार 'बले' पक्राउ

कलाकार सागर लम्साल (बले) पक्राउ परेका छन् । बूढानीलकण्ठबाट उनलाई पक्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ । उनीमाथि बलात्कार आरोप थियो । अमेरिकामा बस्ने एक युवतीले शुक्रबार मात्रै बलेमाथि अमेरिकामै बलात्कार गरेको आरोप लगाएकी थिइन् । सोही आरोपका आधारमा अनुसन्धानका लागि नियन्त्रणमा लिइएको प्रहरी स्रोतको भनाइ छ ।



# भेनिसमा प्रिमियर भएको चिनियाँ फिल्म निफमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)मा पेमा छेडनद्वारा निर्देशित फिल्म 'स्नो लियोपार्ड' प्रदर्शन भएको छ। सन् २०२३ को संस्करणको भेनिस अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रिमियर भएको यस फिल्म निफ अन्तर्गत 'सिजाङ पानोरमा'मा प्रदर्शन गरिएको हो।

तिब्बती गोठालाहरूको जीवन र मानव-वातावरणबीचको सहअस्तित्वको कथामा बनेको यस फिल्मले भेनिसमा समेत चर्चा पाएको थियो । सिजाङ पानोरमा अन्तर्गत शनिबार अन्य तीन फिल्महरू 'होम अवे होम क्लोज', 'लर्नर्स फ्रम द टप अफ द वर्ल्ड' र 'सनराइज ओभर द प्लेटो' प्रदर्शन भए । यी तीनै फिल्म भृकुटी मण्डपस्थित पर्यटन बोर्डको हलमा प्रदर्शन भएका हुन् ।

गुओ यिफीको निर्देशनमा बनेको 'होम अवे होम क्लोज'ले स्थानीय गोठालाहरूका लागि 'मोबाइल फोटो स्टुडियो' नामक जनसेवा पहल सुरु गर्न भौगोलिक जटिलता सामना गर्ने एक युवकको कथा प्रस्तुत गरेको छ। फिल्म 'लर्नर्स फ्रम द टप अफ द वर्ल्ड'को निर्देशक ज्याक मालाटेरे हुन्। यस फिल्मले शैक्षिक मुद्दा उठान गरेको छ। सियाओ सियाओवाईको निर्देशनमा बनेको फिल्म 'सनराइज ओभर द प्लेटो'ले साधारण परिवारहरूको शिक्षा, अर्थतन्त्र र संस्कृतिमा आएको असामान्य परिवर्तनहरूलाई उजागर गरेको छ। यस पानारोमा अन्तर्गत आइतबार फिल्महरू 'वारियर किड' र 'डिस्कोभरिङ सिजान २०२६' पनि प्रदर्शन हुनेछ।

निफअन्तर्गतको 'सिजाङ पानोरमा'मा प्रतिस्पर्धाबाहिरको विशेष प्रदर्शन कार्यक्रम हो । निफमा शनिबार प्रतिस्पर्धामा रहेका फिल्महरू सिभिल मल, छाया सेन्टर र रसियन हाउसमा प्रदर्शन भए । पर्यटनमा बोर्डमा 'निफ फिचर पिच' कार्यक्रम पनि भएको थियो । जसमा नयाँ र युवा लेखकहरूले निर्मातालाई कथा सुनाएका थिए ।

# रूचाइयो 'राम नाम सत्य'को ट्रेलर

■ प्रभाव संवाददाता

**काठमाडौं–** चैत्र २७ गतेबाट सोलो रिलिजमा आउन लागेको फिल्म 'राम नाम सत्य'को सस्पेन्स, प्रेम र एक्सनले भरिएको ट्रेलर बुधबार सार्वजनिक गरिएको थियो । युट्युबमा सार्वजनिक भएसँगै यसले हंगामा मच्चाइरहेको छ । माइकल चन्दको कथा, पटकथा र लेखन रहेको यो फिल्मको ट्रेलरले सार्वजनिक भएको १ घन्टा ३० मिनेटमै युट्युबको सिनेमा विधा अर्न्तगत नेपालमा ८ नम्बरको ट्रेन्डिङमा पकड जमाएको थियो ।

यस्तै, सार्वजनिक भएको १० घन्टामै नेपालको सिनेमा विधा अर्न्तगत युट्युबको नम्बर १ स्थान ओगटेको फिल्मको ट्रेलरलाई २४ घन्टामै १० लाख भन्दा बढी पटक हेरिएको छ । फिल्मको ट्रेलरमा २६ सय भन्दा बढी प्रतिक्रिया छन् । अधिकांश प्रतिक्रियामा दर्शक फिल्मलाई लिएर उत्साहित देखिएका छन् । ट्रेलरबाट पाएको उत्कृष्ट प्रतिक्रियाले आफू अझै उत्साहित भएको निर्देशक चन्दले बताए ।

सार्वजनिक ट्रेलरमा विराज भट्टको दमदार एक्सन र संवाद छ । यस्तै, नायक सुशील श्रेष्ठ र नायिका दिव्या रायमाझीको प्रेम, विराज र सुशीलविचको एक्सन ट्रेलरमा समावेश छ । फिल्ममा नव-नायक आयुष सिंह ठकुरीको भूमिका विशेष देखिएको छ । उनको सस्पेन्स भूमिका दर्शकका लागि उत्सुकता जगाउने खालको छ ।

नव-नायिका खुशी कार्कीले नायक भट्टसँग नृत्य गरेको 'हुम्लाको सिमी' बोलको गीत चर्चामा छ । फिल्ममा दिनेश डीसी, सुधिर श्रेष्ठ, आशा पौडेल, सन्तोष सरकार, विकास खनाल, रवि, सुशान्त कुमार श्रेष्ठ, उपेन्द्र शाही, रामेश्वर शाह, कनिज कोइराला, लोकेन्द्र जीसी, हेमा खड्का, दिपक कोइराला, विनुता विमली, सरोज शाह लगायतका कलाकारहरूको अभिनय छ । यस्तै, फिल्ममा आयुष विक्रम शाही, अधिराज चन्द, संरचना चन्द र श्रृंखला बिष्ट बाल-कलाकारको रूपमा छन् ।

माइकल इन्टरटेन्मेन्ट हाउसको प्रस्तुतिमा निर्माण भएको यो फिल्ममा उपेन्द्र शाही र स्वेता विमलीको लगानी छ । फिल्मका कार्यकारी निर्माता किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार हुन् । यस्तै, फिल्मका सह-निर्माता तेजराज चटौत र दमन बहादुर चन्द सह-निर्माताको रूपमा छन् ।




मोती कार्की क्रियटिभ निर्माता रहेको फिल्ममा राजेन्द्र आचार्य लाइन प्रोड्यूसरको रूपमा छन् । काफिया फिल्मस् र कुवेर सिने डिष्ट्रिब्यूसनको वितरण रहने यो फिल्ममा बाबुल गिरी, अर्जुन पोखरेल, एसडी योगी, नवाज अन्सारीको संगीत छ ।

मानकृष्ण महर्जनको डीओपी रहेको फिल्ममा श्री श्रेष्ठको एक्सन, बन्दे प्रसादको सम्पादन, काला चरणको ब्याक ग्राउन्ड म्यूजिक छ । सियोन श्रेष्ठको कोरियोग्राफी रहेको फिल्ममा शेर बहादुर लामाको छायांकन छ । यो ट्रेलरलाई साहिल खानले तयार पारेका हुन् । सुनिल राई आर्ट निर्देशक रहेको फिल्ममा नविन जंग शाही, विशाल विमली र पूजन लामिछाने कास्टिङ डिरेक्टरको रूपमा छन् । अभिमन्यू निरवी र समय थपलिया फिल्मका स्क्रिप्ट कन्सलट्यान्ट हुन् ।

फिल्ममा समावेश 'धागोले बाटेको' बोलको गीत युट्युबमा ६० लाख पटक हेरिएको छ । यस्तै, फिल्मको 'हुम्लाको सिमी' बोलको गीत र टिजरले पनि दर्शकको उत्कृष्ट प्रतिक्रिया पाइरहेको छ । चैत्र २७ गते सोलो रिलिजमा आउन लागेको फिल्मले बक्स अफिसमा आक्रामक ओपनिङ गर्ने प्रक्षेपण वितरक गोविन्द शाहीको छ ।

## रंगशाला

# नेपाल कबड्डी लिग र 'नेपहपको श्रीपेच' बीच सहकार्य



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कबड्डी लिग (एनकेएल) र रियालिटी शो 'नेपहपको श्रीपेच' बीच सहकार्य भएको छ, जसअन्तर्गत आगामी सिजनमा खेलसँगै हिपहप संगीतको संयोजन देख्न पाइनेछ ।

जेन्जी पुस्तामाझ लोकप्रिय 'नेपहपको श्रीपेच' एनकेएलको रियालिटी शो पार्टनर बनेको हो । आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्ट र शोका संस्थापक सुदीप पोखरेलबीच शुक्रबार राजधानीमा आयोजित कार्यक्रममा सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो । यो सहकार्य एनकेएल सिजन २ र 'नेपहपको श्रीपेच' सिजन ३ का लागि गरिएको हो ।

एस्ट्रोनिक्सका सीईओ विकास अग्रवालले खेल र मनोरञ्जनलाई जोड्ने यो सहकार्यले नयाँ आयाम थप्ने बताए । 'एनकेएल र नेपहपको सहकार्यले नेपालमा एउटा नयाँ युगको सुरुआत गर्दै स्पोर्ट्स र इन्टरटेन्मेन्टलाई हेर्ने तरिका नै परिवर्तन गर्दैछ । हामी एउटा मुभमेन्ट निर्माण गरिरहेका छौं । जहाँ कबड्डीको शक्ति र हिपहपको आवाज मिलेर नयाँ कथा लेख्नेछ । अब कबड्डी केवल खेल होइन, यो युवाको आवाज हो, संस्कृतिको ऊर्जा हो र यो देशको नयाँ पहिचान बन्नेछ' अग्रवालले भने ।

संस्थापक पोखरेलले रियालिटी शो र खेल लिगबीच पहिलोपटक यस्तो सहकार्य हुनुले कलाकार र खेलाडी दुवैलाई नयाँ अवसर सिर्जना गर्ने उल्लेख गरे । उनका अनुसार शोका र्‍यापरहरूले एनकेएलका टोलीका लागि एन्थम तयार गर्नेछन्, जसले खेलमा थप ऊर्जा भर्नेछ ।

कार्यक्रममा नेपहपको श्रीपेचका निर्णायकद्वय भियोमा र मानस घले पनि उपस्थित थिए । उनीहरूले र्‍याप र एनकेएलको सहकार्यले खेल र संगीत दुवैलाई फाइदा पुग्ने बताए । एनएकेएल सिजन २ को एन्थम पनि भियोमाले तयार गरेका हुन् ।

आगामी जेठ २२ गतेदेखि त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा सुरु हुने एनकेएल सिजन २ मा ६ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन् । सम्झौताअनुसार 'नेपहपको श्रीपेच' का प्रतिस्पर्धीहरूले विभिन्न टोलीका लागि एन्थम बनाउनेछन् र विजेताले नगद पुरस्कार पनि पाउनेछन् ।

सिजन २ मा विराटनगर बाहुबली, जनकपुर नाइट्स, काठमाडौं माभरिक्स, पोखरा लेकर्स, बुटवल बुल्स र धनगढी वाइल्डक्याट्सले प्रतिस्पर्धा गर्नेछन् ।

एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकमार बेगानीले विश्वकै उत्कृष्ट खेलाडीहरू एनकेएल सिजन २ खेल्नका लागि नेपाल आउन लालयित रहेको बताएका छन् । १६ देशका १ सय बढी बिदेशी खेलाडीले नाम दर्ता गरेका छन् । प्लेयर्स ड्राफ्टबाट टिमहरूले खेलाडी छनोट गर्नेछन् ।

## प्रधानमन्त्री कप:

# कोशीलाई पराजित गर्दै गण्डकी विजयी

**वीरगञ्ज (पर्सा)–** प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गतको शनिबारको खेलमा गण्डकीले कोशी प्रदेशलाई ३९ रनले पराजित भएको छ ।

वीरगञ्जको नारायणी रंगशालामा भएको खेलमा सुरुआती 'ब्याटिङ' गरेको गण्डकी प्रदेशले निर्धारित ५० ओभरमा सात 'विकेट' गुमाउँदै २२७ रन जोडेको थियो । आजको खेलमा गण्डकीका तर्फबाट अर्जुन कुमालले १०२ 'रन' जोडेका थिए भने विपिन खत्रीले ७६ रन जोडेका थिए । कोशी प्रदेशका तर्फबाट दिपेश कँडेलले चार विकेट र सुजन थपलियाले एक विकेट लिए ।

जवाफी ब्याटिङमा उत्रिएको कोशी ५० ओभरमा नौ 'विकेट'को क्षतिमा १८८ रनमा सीमित रह्यो । कोशी प्रदेशका तर्फबाट दिपेश कँडेलले ५२ रन र आशिष मगरले ३० रन जोडेका थिए ।

गण्डकी प्रदेशका सिब्रिन श्रेष्ठले तीन विकेट र अपराजित पौडेलले दुई विकेट लिएका थिए । आजको खेलमा गण्डकी प्रदेशका अर्जुन कुमाल 'म्यान अफ दी म्याच' घोषित भएका थिए ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् ।

## साफ यू-२० च्याम्पियनसिप

# भारतलाई हराउँदै बंगलादेश बन्यो च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशले साफ यु-२० च्याम्पियनसिपको फाइनलमा भारतलाई टाइब्रेकमार्फत हराउँदै दोस्रो पटक उपाधि जितेको छ । कुनै पनि फाइनलमा भारतलाई हराउने यो बंगलादेशको पहिलो ऐतिहासिक टोली हो ।

निर्धारण खेलमा गोलरहित बराबरीमा सकिएको थियो । पहिलो हाफमा आक्रमणमा आक्रामक देखिए पनि बंगलादेशले गोल गर्न सकेन । धेरै राम्रा अवसर पनि खेर गएका थिए । अर्कोतर्फ भारतले पनि केही पटक बंगलादेशको पोस्टमा आक्रमण गरेको थियो ।

दुवै टोलीले गोल गर्न नसकेपछि पहिलो हाफ गोलरहित बराबरीमा समाप्त भयो । साफको यो उमेर समूहको प्रतियोगिता अहिलेसम्म यु-१८, यु-१९ र यु-२० गरी तीन श्रेणीमा जम्मा सात पटक आयोजना भइसकेको छ । भारतले सबैभन्दा बढी चार पटक उपाधि जितेको छ । नेपाल दुई पटक च्याम्पियन बनेको छ ।

लामो प्रतीक्षापछि बंगलादेशले सन् २०२४ मा पहिलो पटक यो प्रतियोगिताको उपाधि जितेको थियो । उक्त खेलमा फाइनलमा बंगलादेशले नेपाललाई ४-१ ले पराजित गरेको थियो ।

सबै उमेर समूह मिलाएर बंगलादेश र भारतबीच यो चौथो फाइनल भिडन्त थियो । यसअघि २०१९ को यु-१८, २०२२ को यु-२० र २०२५ को यु-१९ फाइनलमा दुई टोली आमनेसामने भएका थिए । ती सबै खेलमा भारतले जित निकालेको थियो ।

# इरान-इजरायल युद्धले अमेरिका प्रभावित



**वासिङ्टन–** अमेरिका र इजरायलले फेब्रुअरी २८ देखि इरानमाथि संयुक्त रूपमा ठूला सैन्य आक्रमण सुरु गरेपछि मध्यपूर्व क्षेत्रमा युद्धको अवस्था झन् गम्भीर र जटिल बन्दै गएको छ ।

यस संघर्षका क्रममा निरन्तर हवाई आक्रमण, प्रतिआक्रमण र सैन्य गतिविधि बढ्दै गइरहेका छन्, जसले क्षेत्रीय सुरक्षा अवस्था कमजोर बनाएको छ । पेन्टागनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार अप्रिल ३ सम्म आइपुग्दा कूल ३६५ अमेरिकी सैनिक घाइते भएका छन्, जसले युद्धको तीव्रता र यसको असर स्पष्ट रूपमा देखाउँछ ।

घाइते सैनिकहरूमध्ये सबैभन्दा धेरै २४७ जना स्थलसेनाका रहेका छन्, जसले प्रत्यक्ष भू-युद्धमा संलग्नता बढी रहेको संकेत गर्छ । त्यसैगरी ६३ जना नौसेनाका, १९ जना समुद्री सुरक्षा बलका र ३६ जना वायुसेनाका सदस्य घाइते भएका छन्, जसले युद्ध विभिन्न सैन्य क्षेत्रमा फैलिएको देखाउँछ ।

यसैबीच, मृत्यु हुने अमेरिकी सैनिकको संख्या १३ पुगेको पुष्टि गरिएको छ । तीमध्ये सातजना प्रत्यक्ष शत्रुतापूर्ण कारबाहीका क्रममा मारिएका हुन्, जुन युद्धको अग्रपंक्तिमा भएको भिडन्तको परिणाम मानिन्छ । साथै, इरानले कुवेतमा गरेको आक्रमणका कारण छ जना सैनिकको ज्यान गएको छ, जसले युद्धको प्रभाव अन्य देशसम्म फैलिएको देखाउँछ । अर्को एक सैनिक साउदी अरेबियामा घाइते भएपछि पछि मृत्यु भएको जानकारी पनि दिइएको छ । यी घटनाहरूले युद्ध केवल एक देशभित्र सीमित नभई क्षेत्रीयस्तरमा फैलिँदै गएको संकेत गर्छन् ।

यद्यपि, शुक्रबार इरानी सेनाले गरेको आक्रमणमा केही अमेरिकी युद्धक विमानहरू खसालिएको वा क्षतिग्रस्त भएको भनिए पनि ती विमानमा रहेका चालक दलका सदस्यहरू यो घाइते वा मृतकको तथ्यांकमा समावेश छन् वा छैनन् भन्ने अझै स्पष्ट गरिएको छैन । यस कारण वास्तविक क्षति अझै पूर्णरूपमा खुल्न बाँकी रहेको देखिन्छ । समग्रमा, यो युद्धले मानवीय, सैन्य र भूराजनीतिक रूपमा ठूलो प्रभाव पारिरहेको छ र आगामी दिनहरूमा यसको अवस्था अझै जटिल हुन सक्ने अनुमान गरिएको छ । *रासस/सिन्ह्वा*

## इरानले खसाल्यो दुई अमेरिकी विमान

**वासिङ्टन–** इरानले शुक्रबार मध्यपूर्वमा दुई अमेरिकी सैनिक विमान नष्ट गरेको छ । यस घटनामा एक चालक उद्धार गरिएको छ भने कम्तीमा अर्को अझै हराइरहेको छ । यो घटना युद्धको क्रममा पहिलोपटक अमेरिकी विमान नष्ट भएको क्षणको रूपमा लिइएको छ ।

पहिलो विमान इरानभित्र नष्ट भएको थियो । उद्धार गरिएको चालकको जीवन सुरक्षित छ, तर हराइरहेको अर्को चालकको खोजीका लागि अमेरिकी सेनाले व्यापक उद्धार अभियान सुरु गरेको छ । अरु विवरणअनुसार इरानी सुरक्षा बलले फारसको खाडीमा अर्को अमेरिकी युद्धक विमानलाई प्रहार गरेको छ र त्यस विमान पनि दुर्घटनाग्रस्त भएको बताइएको छ ।

यी घटनाहरूको कारण मध्यपूर्वमा तनाव थप बढेको छ । इरानले क्षेत्रका विभिन्न लक्ष्यमा प्रहार जारी राखेको छ, जसले इजरायल र गल्फका छिमेकी देशहरूमा दबाब कायम राखेको छ । अमेरिकी अधिकारीहरूले घटनास्थल र हराइरहेको चालकको स्थिति पूर्णरूपमा थाहा पाउन अझै समय लाग्ने जनाएका छन् । यसबीच अमेरिकी र इरानी सैन्य गतिविधिहरू बढ्दै गएपछि क्षेत्रीय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा थप अनिश्चितता उत्पन्न भएको छ ।

### इरानले अमेरिकी ४८ घण्टे युद्धविराम प्रस्ताव अस्वीकार

इरानले अमेरिकाको प्रस्तावित ४८ घण्टे युद्धविराम अस्वीकार गरेको सरकारी समाचार एजेन्सी फर्सले जनाएको छ । फर्सका अनुसार, अमेरिकाको यो प्रस्ताव इरानलाई बिहीबार एक 'मैत्रीपूर्ण' देशमार्फत पठाइएको थियो ।

स्रोतहरूले जनाएअनुसार वासिङ्टनले युद्धविराम सुनिश्चित गर्न कूटनीतिक प्रयास तीव्र बनाएको छ । यो कदम विशेषगरी कुवेतको बुबियान टापुमा इरानले लक्षित गरेको अमेरिकी सैन्य गोदाममा आक्रमण गरेको घटनापछि आएको हो । उक्त घटनाले अमेरिकाको सैन्य गतिविधिमा चुनौती सिर्जना गरेको थियो ।

फर्सले गरेको मूल्यांकनअनुसार प्रस्ताव अमेरिकी-इजरायली आक्रमण र क्षेत्रीय संकटको तीव्रतासँग सम्बन्धित थियो । अमेरिकाले इरानको सैन्य क्षमताको गलत अनुमान गर्दा अमेरिकी सेनाका लागि गम्भीर समस्याहरू सिर्जना भएका थिए । इरानले यस प्रस्तावको लिखित जवाफ दिएको छैन । तर युद्धभूमिमा आक्रमण निरन्तर जारी राखेर आफ्नो अस्वीकृति स्पष्ट पारेको छ । यसले इरानको सशक्त र निर्णायक सैन्य प्रतिक्रिया देखाउँछ ।

पृष्ठभूमिः फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य प्रमुख इरानी सहरहरूमा आक्रमण गरेका थिए । यस आक्रमणमा तत्कालीन इरानी सर्वोच्च नेता अली खामेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र केही नागरिकको मृत्यु भएको थियो । त्यसपछि इरानले इजरायल र मध्यपूर्वमा अमेरिकी सम्पत्तिलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणको लहर सुरु गरेको थियो ।

यो घटनाक्रमले इरान र अमेरिका-इजरायल बीचको द्वन्द्वलाई अझ गहिरो बनाएको छ र मध्यपूर्वमा तनाव निरन्तर बढिरहेको छ । युद्धविरामको अस्वीकृतिले आगामी दिनमा थप सैन्य र राजनीतिक चुनौतीहरूको संकेत गर्दछ । *रासस/एपी*



**पूर्वी चीनको जियाङ्सु प्रान्तस्थित सिंघुआ सहरको रमणीय क्षेत्रमा आफ्नो बिदाको समय बिताउँदै पर्यटक ।** *तस्बिरः एएफपी*

# अफगानिस्तानमा ५.८ म्याग्निच्युडको भूकम्प

**काबुल–** अफगानिस्तानमा शुक्रबार साँझ ५.८ म्याग्निच्युडको भूकम्प गएको छ । अफगानिस्तान राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता मोहम्मद युसुफ हम्मादका अनुसार यस भूकम्पमा कम्तीमा आठ जनाको मृत्यु भएको छ ।

भूकम्पको झट्का काबुल प्रान्तमा पनि महसुस गरिएको थियो । यहाँ एक घर पूर्णरूपमा भत्किएको थियो, जसमा आठ बासिन्दा मृत्यु भएका थिए भने एक बच्चा घाइते भएको थियो । कम्पनको तीव्रता सहरमा पनि महसुस गरिएकोले स्थानीय बासिन्दा ठूलो डरमा परेका थिए ।

भूकम्पको केन्द्रबिन्दु १८६.४ किलोमिटर गहिराइमा रहेको पाइएको छ । प्रारम्भिक तथ्यांकअनुसार इपिसेण्टर ३६.५५ डिग्री उत्तर अक्षांश र ७०.८५ डिग्री पूर्व देशान्तरमा रहेको थियो । गहिरो केन्द्रबिन्दुका कारण सतहमा व्यापक क्षति सीमित रहन सक्छ भन्ने अनुमान गरिएको भए पनि घर भत्किनु र मानिसहरूको मृत्यु हुनुले घटनाको गम्भीरता देखाउँछ ।

यो भूकम्पले स्थानीयबासिन्दाको जीवनमा ठूलो असर पुऱ्याएको छ । प्रभावित क्षेत्रमा राहत र उद्धार कार्य तत्काल सुरु गरिएको छ । स्थानीय अधिकारीहरूले भूकम्पपीडितलाई सुरक्षित स्थानमा सार्ने र घाइतेलाई उपचारको व्यवस्था गर्ने कामलाई प्राथमिकता दिइरहेका छन् । विशेषगरी



काबुल र उत्तरी प्रान्तहरूमा भूकम्पको प्रभाव अझ बढी देखिएकोले थप सुरक्षा र सावधानी अपनाउन स्थानीय प्रशासनले जनतालाई सचेत गराएको छ । *रासस/सिन्ह्वा*

ट्रम्पको २०२७ बजेट प्रस्ताव

# रक्षा खर्च बढाउँदै, घरेलु कार्यक्रममा कटौती



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२७ को बजेटमा रक्षा खर्च बढाएर एक ट्रिलियन ५०० बिलियन डलर बनाउन प्रस्ताव गरेका छन् ।

यो दशकमा सबैभन्दा ठूलो रक्षा खर्चको अनुरोध हो र यसले राष्ट्रपति ट्रम्पको प्राथमिकता अमेरिकी सैन्य लगानीमाथि केन्द्रित रहेको देखाउँछ । यो रक्षा खर्चमा करिब ४४ प्रतिशतको वृद्धि अपेक्षित छ । बजेट निर्देशक रस्सल भौग्टका अनुसार, 'राष्ट्रपतिको प्राथमिक उद्देश्य राष्ट्रिय सुरक्षा संरचनामा पुनः लगानी गर्नु हो, ताकि हाम्रो देश खतरनाक विश्वमा सुरक्षित रहोस् ।'

राष्ट्रपतिको वार्षिक बजेट प्रशासनको मूल्य प्राथमिकता देखाउने दस्तावेज हो, तर यसले कानुनी शक्ति राख्दैन । यस वर्ष बजेट दस्तावेजले राष्ट्रपति र कंग्रेसबीच मार्गचित्रको काम गर्ने उद्देश्य राखेको छ । कंग्रेसले आफ्नै बजेट र वार्षिक विनियोजन विधेयक तयार गर्ने क्रममा यसलाई मार्गदर्शनको रूपमा प्रयोग गर्न सक्छ ।

इरान युद्धबारे राष्ट्रलाई सम्बोधन गर्नुअघि ट्रम्पले सैन्यलाई आफ्नो प्राथमिकता भएको संकेत दिएका थिए । उनले कार्यक्रममा भने, 'हामी युद्धमा लडिरहेका छौं, हामी बाल संग्रहालय र स्वास्थ्य सेवामा ध्यान दिन सक्दैनौं । यी सेवाहरू राज्यस्तरबाट सम्भव छन्, संघीयस्तरबाट होइन ।' *रासस/एपी*

# गाजा व्यवस्थापनका लागि हमासको नयाँ पहल

**गाजा–** हमासले शुक्रबार गाजा पट्टीको व्यवस्थापन र युद्धविराम सम्झौताको पहिलो चरण कार्यान्वयन गर्न प्रशासनिक समिति गठनको प्रस्ताव गरेको छ ।

यो प्रस्ताव हमासको प्रतिनिधिमण्डलले दुई दिनको काहिरो भ्रमणपछि जारी गरेको विज्ञप्तिमा आएको हो । प्रतिनिधिमण्डलको नेतृत्व गाजाका प्रमुख खालिल अल-हैयचाले गरेका थिए । भ्रमणका क्रममा हमासले इजिप्टियाली अधिकारी, मध्यस्थकर्ता र अन्य समूहसँग बैठक गरेको थियो ।

प्रतिनिधिमण्डलले अन्य समूहहरूसँग मिलेर सम्झौताका सबै चरणहरू कार्यान्वयन गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ । साथै, मध्यस्थकर्तासँगको परामर्श निरन्तर जारी रहेको उल्लेख गरिएको छ । हामासले मानवीय सहयोग निरन्तर सुनिश्चित गर्नु, भौतिक शान्ति कायम राख्नु र प्रारम्भिक पुनर्निर्माण र राहत कार्यलाई सहज बनाउनु महत्त्वपूर्ण भएको जोड दिएको छ । प्रतिनिधिमण्डलले नजिकैको दिनहरूमा काहिरोमा पुनः वार्ता सुरु गर्ने आमन्त्रण प्राप्त गरेको पनि बताएको छ ।

सन्दर्भका लागि, हमास र इजरायलबीचको युद्धविराम सम्झौता अक्टोबर २०२५ देखि गाजा पट्टीमा लागू छ । पहिलो चरणमा बन्दी र बन्धकको साटासाट, मानवीय सहायता प्रवाह र इजरायली सेनाको केही क्षेत्रमा फिर्ती समावेश थियो । जनवरीमा अमेरिकाले दोस्रो चरणको शान्ति योजना घोषणा गरेको थियो, जसमा पूर्ण इजरायली सेनाको फिर्ती, पुनर्निर्माणको सुरु र प्रशासनिक निकायको स्थापना समावेश छ । *रासस/सिन्ह्वा*

# युक्रेनमा भएको रूसी आक्रमणमा पाँच जनाको मृत्यु

**युक्रेन–** युक्रेनी सहर निकोपोलको बजारमा शनिबार भएको रूसी ड्रोन आक्रमण परी पाँच जनाको मृत्यु हुनुका साथै १९ जना घाइते भएको अधिकारीहरूले बताएका छन् । क्षेत्रीय गभर्नर ओलेक्साण्डर गञ्जाले टेलिग्राम पोस्टमार्फत आक्रमणमा तीन महिला र दुई पुरुष गरी पाँच जनाको मृत्यु भएको बताएका छन् । उनले घाइते भएका १९ जनामध्ये एक १४ वर्षीया बालिकाको अवस्था 'गम्भीर' रहेको जनाएका छन् ।

उत्तरपूर्वी सहर खार्किवमा शनिबार भएको घटनाको क्षेत्रीय प्रहरीलेसमेत पुष्टि गरेको छ । युक्रेनी वायु सेनाले रूसले रातारात २८६ वटा ड्रोन प्रहार गरेको र तीमध्ये २६० वटा रोक्न सफल भएको बताएको छ । उत्तरी सुमी क्षेत्रमा भएको आक्रमणमा ११ जना घाइते भएको प्रहरीले जनाएको छ । युक्रेनी आपत्कालीन सेवाले जारी गरेको तस्बिरमा आक्रमणको कारण आगलागी भएको भवन देखाएको थियो । रूस र युक्रेनको सिमानामा रहेको दक्षिणी रोस्तोभ क्षेत्रमा भएको क्षेप्यास्त्र र ड्रोन आक्रमणमा एक जनाको मृत्यु हुनुका साथै चार जना गम्भीर घाइते भएको क्षेत्रीय गभर्नर युरी स्लुसारले बताएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनसँग वार्ताका लागि शनिबार अन्कारा पुगेको जनाइएको छ । यसअघि संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा दुई लडाकु पक्षहरूबीचको वार्ता मध्यपूर्वमा भएको युद्धले अवरुद्ध भएको थियो । गत हप्ता जेलेन्स्कीले धेरै मध्य पूर्वी देशहरूको भ्रमण गरी कतार र साउदी अरबसँग रक्षा सम्झौताहरूमा हस्ताक्षर गरेका छन् । *रासस/एएफपी*

# अफगानिस्तान र पाकिस्तानमा वर्षापछिको आँधीबेहरीका कारण १२१ जनाको मृत्यु

**काबुल–** अफगानिस्तान र पाकिस्तानमा दुई हप्ताको अवधिमा भारी वर्षा र आँधीका कारण १२१ जनाको मृत्यु भएको दुवै देशका विपद् व्यवस्थापन अधिकारीहरूले शनिबार बताएका छन् । मार्चको अन्त्यदेखि अफगानिस्तानमा आँधीबेहरीसँगै वर्षा भएको छ, जसले बाढी, पहिरो र घर र बालीमा असर पारेको छ । 'मार्च २६ देखि अहिलेसम्म बाढी र वर्षाका कारण देशभरि ७७ व्यक्तिको मृत्यु भएको र १३७ जना घाइते भएका छन्,' अफगानिस्तानको विपद् व्यवस्थापन प्राधिकरण (एएनडिएमए)का प्रवक्ता मोहम्मद युसुफ हम्मादले शनिबार एएफपीसँग भने ।

प्रवक्ता हम्मादका अनुसार बितेका ४८ घण्टामा देशभर बाढी, पहिरो र चटचाङका कारण २६ जनाको मृत्यु भएको र ४८ जना घाइते भएका छन् । पाकिस्तानमा पछिल्ला हप्ताहरूमा भारी वर्षाका कारण ४४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । प्रान्तीय प्रकोप व्यवस्थापन अधिकारीहरूका अनुसार उत्तरी प्रान्त खैबर पख्तुनख्वामा मार्च २५ देखियता ३२ र दक्षिणपश्चिमी बलुचिस्तानमा मार्च २० पछि १२ जनाको मृत्यु भएको छ ।

अफगानिस्तानको दक्षिणपूर्वी गजनीमा शनिबार बिहान आएको बाढीमा डुबेर अन्य बालबालिकासँग खेलिरहेका एक बालकको मृत्यु भएको प्रान्तीय प्रहरीले जनाएको छ । सोही प्रान्तका विभिन्न जिल्लामा डुबेर थप दुई बालबालिकाको मृत्यु भएको छ । दक्षिणी अफगानिस्तानको कान्दाहार प्रान्तमा वर्षाका कारण घरको छत भत्किँदा तीन जनाको मृत्यु भएको प्रान्तीय विपद् व्यवस्थापन निकायले जनाएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४००० | प्रति तोला – ० | प्रति तोला – ४८३० |



**गहुँ स्याहार्दै** | कञ्चनपुरको पिपलाडीका आधुनिक यन्त्र (पावउ टेलर)को सहायताले गहुँ काट्दै किसान ।

*तस्बिर : राजेन्द्रप्रसाद प्रसाद पनेरू/रासस*

# ‘पिएसपिपी’बाट आर्थिक उन्नयनमा योगदान पुग्ने

■ प्रभाव संवाददाता



**भैरहवा (रूपन्देही)–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन योजना (पिएसपिपी)को स्वागत गर्दै त्यसले देशको आर्थिक उन्नयनमा योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

नेपाल उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेशको भैरहवामा भएको आठौं सभामा उनले उक्त योजना निजी क्षेत्रको मनोबल उकास्ने लक्ष्यका साथ सरकारले प्रस्तुत गरेको बताउँदै त्यसलाई निजी क्षेत्रले सकारात्मक ठानेको उल्लेख गरे ।

‘हामीले वर्षौंदेखि निजी क्षेत्रको सुरक्षा र प्रवर्द्धनका लागि ठोस कार्ययोजनाको माग गर्दै आएका थियौं’, उनले भने, ‘सरकारले हाम्रो प्रस्तावलाई स्वीकार गरेकामा हामी आभारी छौं ।’

शिक्षण संस्थालाई ‘शान्ति क्षेत्र’ घोषणा गरिए जस्तै निजी क्षेत्रलाई निर्वाध रूपमा काम गर्ने वातावरण सुनिश्चित गर्नुपर्नेमा अध्यक्ष ढकालले जोड दिए ।

महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले निजी क्षेत्रका समस्या समाधानका लागि व्यवसायीहरूबीच कार्यगत एकता अपरिहार्य भएको बताए ।

**‘उद्योग वाणिज्य क्षेत्रको नेपालको अर्थतन्त्रमा ठूलो योगदान’**

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्योग वाणिज्य क्षेत्रको नेपालको अर्थतन्त्रमा ठूलो योगदान रहेको बताएका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघको ५९औं वार्षिकसभाको अवसरमा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकार संघीय सरकारसँग सहकार्य र समन्वय गरेर उद्योग व्यापार क्षेत्रको समग्र विकासमा मिलेर काम गर्न इच्छुक रहेको बताए ।

नयाँ सरकारसँग उद्योग वाणिज्य क्षेत्रले धेरै आशा भरोसा गरेको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले यसका लागि प्रदेश सरकार संघीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने स्पष्ट पारे ।

सभाका अन्य वक्ताले राज्यले उद्योग वाणिज्य क्षेत्रमा करको दर बढाउने, राजस्व मात्र बढी संकलन गर्ने तथा स्थानीय तहले करको दर मात्रै बढाउने गर्दा उद्योग व्यवसायी धरासायी हुने खतरा बढेको बताए । उद्योग वाणिज्यमैत्री नीति ल्याएर सो अनुरूप कानुन बनाउन सके समग्र अर्थतन्त्रको विकास हुनेतर्फ ध्यान दिन उनीहरूको आग्रह थियो ।

**उद्योग वाणिज्य महासंघ लुम्बिनीको अध्यक्षमा श्रेष्ठ**

नेपाल उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेशको अध्यक्षमा भैरहवाका ठाकुरकुमार श्रेष्ठ विजयी भएका छन् ।

भैरहवामा शनिबार सम्पन्न महासंघको आठौं प्रदेशसभा तथा अधिवेशनबाट श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका हुन् । उनले अध्यक्ष पदमा जमसेर अलि मियाँलाई पराजित गरे ।

यस्तै जिल्ला नगर उपाध्यक्षमा दाङका टंकसिंह बुढाथोकी तथा एसोसिएट उपाध्यक्षमा पाल्पाका राजु महर्जन निर्विरोध निर्वाचित भए । यसैगरी कोषाध्यक्षमा नवलपरासीका लेखनाथ न्यौपाने तथा सदस्यमा बर्दियाका बद्रीनाथ बराल र प्युठानका माधवराज भण्डारी, एसोसिएट सदस्यमा रूपन्देहीका सौरभ अग्रवाल र दाङको लमहीका युवराज पोखरेल निर्विरोध निर्वाचित भएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले जानकारी दिए ।

# सम्झौता गरेर काम सुरू नगर्ने १९ निर्माण कम्पनीलाई स्पष्टीकरण

■ प्रभाव संवाददाता

**खोटाङ –** भौतिक पूर्वाधार विकास कार्यालयले सम्झौता गरेको दुई महिना बितिसक्दा पनि निर्माणको काम सुरु नगर्ने १९ निर्माण कम्पनीलाई लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिएको छ । कार्यालयसँग २६ योजनामा ठेक्का सम्झौता गर्ने १९ निर्माण कम्पनीले तोकिएको समयमा निर्माणको काम सुरु नगरेपछि सातभित्र लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिइएको हो ।

पूर्वाधार विकास कार्यालयले युनानान निर्माण सेवा उदयपुर, विश्वशिखर निर्माण सेवा उदयपुर, अर्जुन पइन्ट इन्जिनियर डेप्लोपर्स प्रा.लि. काठमाडौं, राइट ब्रोदर आरटिडी जेभी, इमो बुइल्डर्स प्राइभेट लिमिटेड, शिलान्यास इन्जिनियरिङ कन्सल्टिङ प्रा लि धादिङ, शान्तिभूमि कन्स्ट्रक्सन प्रा लि खोटाङ, अन्सुबी-नेपाल-फूलबारी-पिंगला जेभी, एसआर कन्स्ट्रक्सन खोटाङ, निर्मा मन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि खोटाङ, रानासाम्पाङ कन्स्ट्रक्सन प्रा लि खोटाङ, भीषणहाङ कन्स्ट्रक्सन प्रा लि भोजपुर, बराहपोखरी कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि काठमाडौं, पाथीभरा निर्माण सेवा उदयपुर, धनसुना कन्स्ट्रक्सन, बी एन्ड बी निर्माण सेवा उदयपुर, खोक्चिीलिपा-साल्मे आरटिडी जेभी, डिबी कन्स्ट्रक्सन उदयपुर र डिजी निर्माण सेवा खोटाङलाई स्पष्टीकरण सोधेको छ ।

शान्तिभूमि कन्स्ट्रक्सन प्रा लि खोटाङले तीन तथा विश्वशिखर निर्माण सेवा उदयपुर, पाथीभरा निर्माण सेवा उदयपुर, बी एन्ड बी निर्माण सेवा उदयपुर, डिबी कन्स्ट्रक्सन उदयपुर र अर्जुन पोइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौंले दुई/दुईवटा योजनाको ठेक्का सम्झौता गरेको छ ।

योजनाको सम्झौता गरेर काम सुरु नगर्नुको कारणसहित सात दिनभित्र स्पष्ट विवरण पेस गर्न पत्रमार्फत लिखित स्पष्टीकरण सोधिएको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर विनम दाहालले जानकारी दिएका छन् । ‘समयमै काम सुरु नभएमा वर्षा सुरु हुन्छ । आर्थिक वर्षको अन्त्यतिर गरिएका निर्माणको काम गुणस्तरीय हुँदैन’, उनले भने, ‘समयमा काम सुरु नगर्दा योजना अधुरै रहन्छ । योजनाका लागि विनियोजित बजेटसमेत ‘फ्रिज’ हुने जोखिम भएकाले सात दिनभित्र लिखित जवाफ दिन निर्माण कम्पनीहरूसँग माग गरिएको हो ।’

योजना सम्पन्न नहुँदा स्थानीय उपभोक्ता तथा सर्वसाधारणले सास्ती भोग्नुपर्ने अवस्था आउने भन्दै कार्यालयले निर्माण कम्पनीहरूलाई तत्काल काम सुरु गर्न पत्रमार्फत चेतावनीसमेत दिएको छ । कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा तोकिएको समयभित्र गुणस्तर र परिमाणअनुसार सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न निर्माण कम्पनीहरूलाई निर्देशन दिएको हो ।

निर्धारित समयभित्र निर्माण कार्य सुरु नगरेमा अनावश्यक म्याद थप नगर्ने र कानुनबमोजिम बैंक जमानत जफत गरिने कार्यालयका लेखा अधिकृत सीताराम राउतले बताएका छन् । ‘पहिलो चरणमा लिखित माग गर्छौं । चित्त बुझ्दो जवाफ अपनाएको खण्डमा आवश्यक कारबाहीको प्रक्रिया अघि बढाइनेछ’, उनले भने, ‘धेरै निर्माण कम्पनीहरूले अनावश्यक म्याद थप गराउने गर्छन् । काम नगर्ने निर्माण कम्पनीको सिधै बैंक जमानत जफत गरिनेछ ।’

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालयअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत जिल्लामा यो वर्ष १२३ योजनामा ठेक्का सम्झौता भएको छ । ठेक्का सम्झौता भएका २६ वटाबाहेक अन्य योजनाहरू तीव्रगतिमा निर्माण भइरहेको कार्यालय प्रमुख दाहालले जानकारी दिएका छन् ।

एकवर्षे र बहुवर्षे योजनाका लागि यस आर्थिक वर्षमा रु एक अर्ब ९४ लाख ७५ हजार बजेट उपलब्ध भएको कार्यालयले जनाएको छ । प्रदेश सरकारबाट स्वीकृत भएर आएका आठवटा योजना जग्गा विवादका कारण ठेक्का आह्वान गर्न नसकिएको कार्यालय प्रमुख दाहालले जानकारी दिएका छन् ।

यस्तै, १७ योजनाका लागि कम बजेट स्वीकृत भएर आएकाले बहुवर्षे योजनामा समावेश गरिदिन प्रदेश सरकारमा सिफारिस गरिएको कार्यालयले जनाएको छ । गरिब तथा विपन्न परिवारका लागि कोशी प्रदेश सरकार, जनता आवास कार्यक्रमअन्तर्गत रु दुई करोड लागतमा ६० घर निर्माण भइरहेको जनाइएको छ ।

# लगानीको वातावरणका लागि निजी क्षेत्रसँग सहकार्य

**बाजुरा (प्रस)–** सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले निजी क्षेत्रसँगको सहकार्यमा प्रदेशमा लगानीको वातावरण बनाउन सरकार लागिरहेको बताएका छन् । शनिबार आयोजित उच्च पहाडी क्षेत्रमा बृहत्तर भेडा बाख्रापालनका लागि सरोकार भएकाहरूसँगको छलफल कार्यक्रममा उनले कृषि तथा उद्योग क्षेत्रमा लगानीका लागि निजी क्षेत्रसँग सहकार्य र समन्वय आवश्यक रहेको बताए ।

मन्त्री थापाले सुदूरपश्चिमका बाजुरा, बझाङ र दार्चुला जिल्लामा रहेका भेडा तथा बाख्रापालक कृषकलाई लक्षित गरी पहिलो चरणमा परीक्षणका रूपमा नयाँ कार्यक्रम सुरु गर्न लागिएको जानकारी दिए । उनले यहाँका भेडा बाख्रापालक कृष्कलाई कृषि विकास बैङ्कबाट ऋण लगानी गर्ने र त्यसको आठ प्रतिशत व्याज प्रदेश सरकारले तिर्ने गरी कार्यक्रम ल्याइएको बताए । मन्त्री थापाले भने, ‘निजी क्षेत्रलाई नजोडि समृद्धि सम्भव छैन । त्यसैले उच्च पहाडी क्षेत्रमा निजी क्षेत्रका कृषकसँग सहकार्य गरी बृहत् भेडा तथा बाख्रापालन कार्यक्रम गर्दैछौं ।’

# अग्रणी महिलालाई महिला चेम्बरको सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजनीति, न्याय, शिक्षा, समाजसेवा, कला, प्रशासन, पर्यटन, खेलकूद लगायतका क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएवापत अग्रज महिलाहरूलाई विशेष सम्मान अर्पण गरिइएको छ ।

नेपाल चेम्बर अफ कमर्सको हीरक जयन्तीका अवसरमा नेपाल महिला चेम्बरद्वारा आयोजित विशेष कार्यक्रममा प्रथम राष्ट्रपति रामवरण यादव, नेपाल महिला चेम्बरका अध्यक्ष उर्मिला श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्स हीरक जयन्ती समारोह समितिका अध्यक्ष राजेशकाजी श्रेष्ठ र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले संयुक्त रूपमा विभिन्न क्षेत्रहरूमा ऐतिहासिक योगदान पुऱ्याएका महिलाहरूलाई विशेष सम्मान गरेका हुन् ।

आयोजक संस्थाद्वारा जारी विज्ञप्तिका अनुसार यसरी सम्मानितहुनेहरूमा प्रथम महिला सभामुख ओनसरी घर्ती मगर, प्रथम महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, स्काउटिङ रामवदन जोशी, लैंगिक अधिकार विज्ञ चाँदनी जोशी, प्रथम महिला इञ्जिनियर शान्ति मल्ल, शिक्षाविद् अगाथा थापा, तत्कालीन प्रवेशिका परीक्षामा ‘बोर्ड’ प्रथम लुना भट्ट, प्रथम महिला ‘कमर्शियल पाइलट’ रक्षा राणा, उद्यमी श्यामबदन श्रेष्ठ, पद्मासना शाक्य, शान्ति चड्ढा र पर्यटन व्यवसायी श्रृजना राणा छन् ।

यसैगरी लायन्स क्लव र रोटरी क्षेत्रमा मिलन थापा र जया राज्यलक्ष्मी शाह, पूर्व मुख्यसचिव लिलादेवी गड्तौला, अर्थशास्त्री डा पुष्पा श्रेष्ठ, कला तथा मनोरञ्जनतर्फ उर्मिला उपाध्याय गर्ग, अभिनेत्री भुवन चन्द, पूर्व प्रशासक उषा नेपाल, प्रहरी अधिकृत बिमला थापा शर्मा, पूर्व सचिव बिन्द्रा हाडा, उद्यमी भवानी राणा, नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिना, रानु देवी अधिकारी, सानुनानी कंसाकारलाई सम्मान समर्पण गरिएको थियो ।

सोही अवसरमा रत्नेश्वरी श्रेष्ठ , ओलम्पियन संगिना वैद्य, दृष्टिविहीन शिक्षिका सीता ज्ञवाली, चेपाङ समुदायकी मनजू प्रजा, सामाजिक अभियन्ता अञ्जली देवी मास्के, प्रथम मिस नेपाल रुबी राणा शाह, चालक मच्छरीदेवी चित्रकार, टेम्पो चालक लक्ष्मी शर्मा, कलाकार स्नेहा श्रेष्ठ (इम्याजिन), बडिबिल्डर निर्मला महर्जन, कलाकार मनीषा कोइराला, पौराणिक व्यक्तित्व सीता (जानकी) र वैदिक दार्शनिक गर्गीलाई पनि विशेष रूपमा उक्त सम्मान समर्पण गरिएको थियो ।

कार्यक्रममा प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारी एवं प्रथम महिला प्रधानमन्त्री एवं प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीको अतुलनीय योगदानको स्मरण सहित सम्मान अर्पण गरिएको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै प्रथम महिला शासक नायब राजेन्द्र लक्ष्मी शाह, कान्तिराज्य लक्ष्मी देवी, योगमाया न्यौपाने, साहित्यकार बिष्णुकुमारी बाईवा ‘पारिजात’, राजीतिज्ञ शैलजा आचार्य,साधना प्रधान अधिकारी,सहाना प्रधान, मिडियाकर्मी कृष्णा ताम्राकार, गायिका सनुमाया गुरुङ, अधिवक्ता सुशीला सिंह, राजनीतिज्ञ इन्दिरा श्रेष्ठ, समाजसेवी अमृता कठायत,राजनीतिज्ञ द्वारिकादेवी ठकुरानी, चन्द्रकला किरण महत, लोकसेवा आयोग सदस्य उमा पाण्डे, राजदूत बिन्देश्वरी शाह, संसद उपाध्यक्ष कमल राणा, शिक्षाविद् अंगुरबाबा जोशी र पर्यटन उद्यमी अम्बिका श्रेष्ठ, शिक्षाविद् चन्द्रकान्ता देवी मल्ल, सगरमाथा आरोही पासाङ ल्हामु शेर्पा, व्यावसायिक प्रशिक्षक सुनिता मलेकु, सेयर बजारकी सुचित्रा खनाल, चालक रामदेवी श्रेष्ठको योगदानको स्मरण गर्दै मरणोपरान्त सम्मान समर्पण गरिएको थियो । स्वर्गीय व्यक्तित्वहरूका परिवारजनमार्फत सम्मान अर्पण गरिएको विज्ञप्तिमा जनाइएको छ ।

महिला चेम्बरकी अध्यक्ष श्रेष्ठ सम्मानित

सोही अवसरमा नेपाल महिला चेम्बर सम्बद्ध रही हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट सांसद बन्न सफल हुनु हुने लीमा अधिकारी, बसुमाया तामाङ, नीतिमा कार्की भण्डारी र इन्दिरा राना मगरलाई पनि सम्मान गरिएको थियो । साथै कार्यक्रममा नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठलाई समेत सम्मान गरिएको थियो ।

उक्त अवसरमा प्रथम राष्ट्रपति यादवले विभिन्न क्षेत्रका अग्रणी तथा पथप्रदर्शक महिलाहरूलाई सम्मान गर्न पाउँदा आफूलाई गौरव अनुभूति भएको बताए । उनले भने, ‘आज सम्मानित व्यक्तित्वहरूबाट सिंगो समाज र नयाँ पुस्तालाई हौसला प्रदान हुँदै आएको छ ।’

नेपाल चेम्बर अफ कमर्स हीरक जयन्ती समारोह समितिका अध्यक्ष श्रेष्ठले २००७ सालमा स्थापना भएको सस्थाको हीरक जयन्तीका अवसरमा नेपाल महिला चेम्बरले अग्रणी महिला सम्मान कार्यक्रम मार्फत समाजलाई सम्मानित महिलाहरूको जस्तै ओज हासिल गरेको बताइन् ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष अग्रवालले नेपाल चेम्बर अफ कमर्सको इतिहास गर्विलो रहेको उल्लेख गर्दै यसको प्रतिष्ठा र गरिमालाई यस्ता कार्यक्रमले अझ उचो पारेको छ भने ।

नेपाल महिला चेम्बरकी अध्यक्ष श्रेष्ठले देशका अग्रणी महिलाहरूको योगदानको कदर स्वरूप सम्मान कार्यक्रम आयोजना गरिएको जनाउँदै महिला चेम्बरले महिला सशक्तिकरण, उद्यमशीलता विकास जस्ता विषयलाई जोड दिँदै आएको जानकारी गराए । उनले भने, ‘यस्ता सम्मान कार्यक्रमले महिलाहरूको योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थप उजागर गर्न सहयोग गर्ने छ । ’ कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले धन्यवाद ज्ञापन गरेको विज्ञप्तिमा उल्लेख छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ